# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६७ | काठमाडौं | सोमबार, १५ असार २०८३ | Prabhab National Daily | Monday, 29 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




राष्ट्रिय धान दिवसको पूर्वसन्ध्यामा आइतबार धादिङको सिद्धलेक गाउँपालिका-५ सुकौराबेँसीमा सामूहिकरूपमा धान रोपाइँ गर्दै कृषक । 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नारासहित आज २३औँ राष्ट्रिय धान दिवस मनाईंदै छ । *तस्बिरः रासस*

## डेढ वर्षभित्र नेपाललाई 'ग्रे लिस्ट'बाट निकाल्ने अर्थमन्त्रीको दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई 'ग्रे लिस्ट'को कालो धब्बाबाट डेढ वर्षभित्रै निकाल्न सरकार प्रयासरत रहेको बताएका छन् । फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी ग्रे लिस्टकै सूचीमा निरन्तर राखेपछि सरकारले यसबाट बाहिर निस्कन जोडतोडका साथ लागिपरेको उनले बताएका हुन् ।

अहिलेको अवस्थामा ग्रे लिस्टबाट बाहिर निस्कन नसके देश कालोसूचीमा पर्ने खतरा रहेको अर्थमन्त्री वाग्लेको भनाइ छ । 'अबको एक-डेढ वर्षभित्र यो लिस्टबाट निस्कन सकेनौं भने हामी ब्याक लिस्टमा पुग्छौं । हाम्रो सम्पूर्ण वित्तीय कनेक्टिभिटी छ बाँकी दुनियाँसँग यत्रो रेमिटचान्समा आश्रित मुलुक अत्यन्तै जोखिममा जाने देखिन्छ,' आइतबारको प्रतिनिधिसभा बैठकमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ माथि उठेको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री वाग्लेले भने, 'इरान, सोमिलिया, हाइटीजस्ता मुलुककै बराबरीमा हामी पुग्नेछौं । मुलुकलाई यसबाट तदारुकताकासाथ बाहिर निकाल्न हामी सरकारमा आएदेखि डे वानबाट लागिरहेका छौं ।'



> अबको एक डेढ वर्षभित्र 'ग्रे लिस्ट'बाट निस्कन सकेन भने हामी 'ब्ल्याकलिस्ट'मा पुग्छौ । इरान, सोमिलिया, हाइटीजस्ता मुलुककै बराबरीमा हामी पुग्नेछौ । मुलुकलाई यसबाट तदारूकताकासाथ बाहिर निकाल्न हामी सरकारमा आएदेखि डे वानबाट लागिरहेका छौं ।
>
> ■ **डा. स्वर्णिम वाग्ले**
> अर्थमन्त्री

नेपाललाई एफएटिएफले पछिल्लोपटक २०८१ फागुन ९ गते ग्रे लिस्टमा राखेको थियो । युएईजस्तो समृद्ध मुलुक पनि ग्रे लिस्टबाट बाहिर निस्कन दुई वर्ष लागेको उल्लेख गर्दै उनले पछिल्लोपटक सुधारका धेरै काम भएको दाबी गरे ।

'हामीले धेरै सुधारका काम गरेका छौं । यसको मूल्यांकन भएको छैन । हामी अब यसमा खरो उत्रेका छौं,' अर्थमन्त्री वाग्लेले भने, 'एक खर्ब बिगो मागेर अदालतमा मुद्दा चलेको छ । ठूला फाइलहरूमा अहिलेको सरकारले कदम चालेको छ । हामी निर्ममताका साथ कार्यान्वयन पनि गर्न सक्छौं भन्ने छ । आवश्यक परे थप सुधार पनि गर्नुपर्ने हुन सक्छ । ग्रे लिस्टबाट निस्कन जे-जे गर्नुपर्छ गर्ने भन्ने संकल्प नेपाल सरकारको छ ।'

सरकार गठनसँगै दुईवटा कालो धब्बा रहेको उल्लेख गर्दै यो पखाल्न सरकार कटिबद्ध भएर लागिपरेको उनको तर्क थियो । सम्पत्ति शुद्धीकरण मुद्दामा राजनीतिक प्रतिशोध लिने काम सरकारबाट नहुने वाग्लेको दाबी रह्यो । यसो गर्दा ग्रे लिस्टबाट निस्कन झनै गाह्रो हुने उनको भनाइ थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

## कम्युनिस्ट एकताको रटान

- देशमा कम्युनिस्ट आन्दोलन कमजोर भएको र त्यसलाई पुनर्जीवित गर्न कुनै न कुनै रूपमा एमाले र नेकपाबीच सहकार्य वा एकता अपरिहार्य भएकोमा नेताहरूको जोड
- कम्युनिस्ट आन्दोलनमाथि योजनाबद्ध आक्रमण भइरहेको दाबी
- बाह्य शक्तिलेसमेत कम्युनिस्ट शक्तिलाई कमजोर बनाउन खोजिरहेको नेकपा अध्यक्ष पुष्पकमल दाहालको भनाइ
- कम्युनिस्ट दलहरूबीचको एकतालाई निर्वाचनको अंकगणित नभई राजनीतिक अस्तित्व लडाइँ
- पार्टी एकता गर्नुअघि नेताहरूले आत्मसमीक्षा गर्नुपर्ने नेकपा सहसंयोजक माधव नेपालको सर्त, तर आत्मसमीक्षा जरूरी नभएको एमाले अध्यक्ष केपी ओलीको अडान



■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कम्युनिस्ट आन्दोलनमा फेरि एकताको रटान भएको छ । एक दशकअघि देशको लगभग सबै राजनीतिक शक्ति आफ्नो हातमा केन्द्रित गरेका कम्युनिस्ट दलहरूका नेताहरूले अहिले सानो आकारमा प्रतिनिधिसभामा सीमित भएपछि एकताबारे बहस चलाएका हुन् ।

नेकपा एमालेका पूर्वमहासचिव मदन भण्डारीको जन्मजयन्तीको अवसरमा आइतबार मदन भण्डारी फाण्डेसनले राजधानीमा आयोजना गरेको कार्यक्रममा बोल्दै एमाले अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संयोजक पुष्पकमल दाहाल, सहसंयोजक माधवकुमार नेपाल र वरिष्ठ नेता झलनाथ खनालले एउटै मञ्चबाट कम्युनिस्ट आन्दोलनको भविष्यबारे चिन्ता व्यक्त गर्दै एकताको आवश्यकता औंल्याए ।

उनीहरूका विचारमा देशमा कम्युनिस्ट आन्दोलन कमजोर भएको र त्यसलाई पुनर्जीवित गर्न कुनै न कुनै रूपमा एमाले र नेकपाबीच सहकार्य वा एकता अपरिहार्य भएको छ । तर, त्यो एकता कसरी गर्ने भन्ने प्रश्नमा उनीहरूको दृष्टिकोण प्रस्ट आएन । यद्यपि, एकताअघि कार्यगत एकता वा सहकार्यको बिन्दुमा पुग्नुपर्ने मत भने मुखर भयो । यति हुँदाहुँदै पनि पार्टीको अडान भने नेताहरूले कायम राखे ।



> प्रतिगमनलाई पराजित गर्नुपर्छ । यतिबेला सबै लोकतान्त्रिक शक्ति, वामपन्थी शक्ति मिलेर कार्यगत एकताको माध्यमबाट जानुपर्छ ।
>
> ■ **केपी शर्मा ओली**
> अध्यक्ष, नेकपा एमाले



> छिटोभन्दा छिटो वामपन्थी र देशभक्त एक हुनुपर्छ । ढिला गर्नु हुँदैन । नत्र भयानक दुर्घटना हुन्छ ।
>
> ■ **पुष्पकमल दाहाल**
> संयोजक, नेकपा

'प्रतिगमनलाई पराजित गर्नुपर्छ यतिबेला सबै लोकतान्त्रिक शक्ति, वामपन्थी शक्ति मिलेर कार्यगत एकताको माध्यमबाट जानुपर्छ,' एमाले अध्यक्ष ओलीले भने, 'तर, हाम्रा नीति सही छन् कि गलत छन् भनेर कुनै एकता एकीकरणका लागि छलफल गर्ने पक्षमा छैन एमाले ।'

ओलीको दल एमाले निकै कमजोर भएको छ । संगठन शक्ति मजबुत भनिए पनि गत २१ फागुनको निर्वाचनले प्रमुख प्रतिपक्ष बन्ने हैसियत पनि दिएन ।

यता, दाहालको नेतृत्वमा १५ वटाभन्दा बढी स-साना घटक मिलेर नेपाली कम्युनिस्ट पार्टी) नेकपा बने पनि त्यो दल कमजोर हैसियतमा देखियो । अघिल्लो प्रतिनिधिसभामा ३२ सिटसहित एमाले-कांग्रेसमध्ये एकलाई साथ लिएर पटक-पटक सरकार गठन गरेका नेकपा संयोजक दाहालले पनि एकताको वातावरण नबने तत्काल कार्यगत एकता वा सहकार्य गर्नुपर्नेमा जोड दिए । दाहाल एकताको पक्षमा यसरी खुले कि एमाले र नेकपाबीच एकता जति ढिला भयो, त्यति नै कम्युनिस्ट आन्दोलन विघटनतिर जानेसमेत बताए ।

शुक्रबार विराटनगरमा पुगेर एमालेसँग एकता गर्ने बताएका उनले आइतबार भने, 'राष्ट्रिय स्वाधीनताका पक्षमा, निरंशुकताकाविरुद्ध, फासिजमकाविरुद्ध, वैदेशिक दबावकाविरुद्ध छिटोभन्दा छिटो वामपन्थी र देशभक्त एक हुनुपर्छ । ढिला गर्नु हुँदैन । नत्र भयानक दुर्घटना हुन्छ ।'

दाहालले कम्युनिस्ट आन्दोलनमाथि योजनाबद्ध आक्रमण भइरहेको दाबी गरे । उनका अनुसार नेपालभित्र मात्रै होइन, बाह्य शक्तिलेसमेत कम्युनिस्ट शक्तिलाई कमजोर बनाउन खोजिरहेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## कामदारको घट्दो माग र सरकारको कडाइले संकटमा व्यवसायी

> व्यवसाय सञ्चालन गर्नसक्ने नीति नआएसम्म सरकारसँग सहकार्य गर्ने र श्रमिक पठाउन केही समय बन्द गर्ने परिस्थितिको सिर्जना भएको छ । पहिला सर्वस्वीकार्य नीति आओस् त्यसपछि दिल खोलेर काम गर्ने हो भनेर ९० प्रतिशत व्यवसायीबाट आएको छ ।
>
> ■ **डिकबहादुर खत्री**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

■ ममता थापा

**काठमाडौं–** खाडी मुलुकमा निर्भर वैदेशिक रोजगारी र नीतिगत अप्ठ्यारोका कारण मुलुकको वैदेशिक रोजगार व्यवसाय संकटग्रस्त बनेको सरोकारवालाहरुले बताएका छन् । पछिल्लो समय श्रमिकप्रति व्यवसायीलाई जिम्मेवार बनाउने भन्दै सरकारले गरेको कडाइ र खाडीको घट्दो मागका कारण व्यवसाय बन्द गर्ने स्थितिमा पुगेको उनीहरुको भनाइ छ ।

शचालु आर्थिक वर्षमा मध्यपूर्वमा उत्पन्न तनावका कारण वैदेशिक रोजगार क्षेत्र धेरै प्रभावित भएको देखिन्छ । द्वन्द्वका कारण खाडीबाट ठूला लगानीकर्ताहरूले कतिपय परियोजना बन्द गरेको जनाइएको छ । संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, कतार, ओमानलगायत मुलुक अशान्त बन्दा त्यहाँको पर्यटन, निर्माण र उत्पादन क्षेत्रमा श्रमिकको माग घटेको तथ्यांकमा देखिन्छ ।




अघिल्लो आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा संस्थागत माध्यमबाट तीन लाख २० हजार ५७९ जना रोजगारीमा जाँदा चालु आर्थिक वर्षको सोही अवधिमा दुई लाख ४४ हजार ८९८ जना म्यानपावर कम्पनीमार्फत रोजगारीमा गएका वैदेशिक रोजगार विभागको तथ्यांक छ । यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो । विगतको तुलनामा रोजगारीको मागमा ठूलो गिरावट आएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए । श्रमिक लग्दै आएको अवस्था ऋणात्मक हुनासाथ विभिन्न बेथितिहरू निम्तने उनको भनाइ छ ।

'अहिले रोजगारीको माग करिव २० देखि २५ प्रतिशतले घटेको छ । मेरै संस्थाको एउटा अन्तरवार्तामा पहिलो लटमा २० जना लग्ने भनेको थियो । जसमा १२ जना त्यही कम्पनीमा काम गरेर आएका श्रमिक लग्ने भयो । बाँकी आठ जनाको कोटामा अन्तरवार्ता दिन ४०० जना आएका थिए । यस्तो हुनासाथ बेथिति बढ्छ,' अध्यक्ष खत्रीले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

## उपत्यकामा बर्डफ्लु फैलाउँदै काग

### नियन्त्रण चुनौतीपूर्ण, किसानलाई ५७ करोडको क्षति

- साढे तीन महिनामा ११ जिल्लामा फैलियो
- संक्रमण फैलिनुमा मुख्य कारक काग
- किसानलाई ५७ करोडभन्दा बढी क्षति
- क्षतिको ७५ प्रतिशत राहत दिने तयारीमा सरकार
- संक्रमण देखिएका स्थानमा 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यका र काभ्रेका विभिन्न ठाउँमा गरी ५७ स्थानमा बर्डफ्लु फैलिएको छ । पशु सेवा विभागका अनुसार बर्डफ्लु संक्रमण तीव्र गतिमा फैलिएकाले नियन्त्रण निकै चुनौतीपूर्ण बनेको छ ।

संक्रमण फैलिनुमा मुख्य कारक काग मानिएको छ । विभागका वरिष्ठ पशु चिकित्सक डा. मुकुल उपाध्यायका अनुसार संक्रमित भएर मरेका कुखुरा किसानले जथाभावी फयाँक्दा कागले ती सिनो खान्छन् र काग अन्य स्थानमा उडेर पुग्दा भाइरस पनि सँगै फैलिरहेको छ ।

असार १० गतेसम्म उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुर तथा काभ्रेका ४० स्थानमामात्रै बर्डफ्लु संक्रमण देखिएकोमा पछिल्लो तीन दिनमा थप १७ स्थानमा संक्रमण फैलिएको हो ।

वरिष्ठ पशु चिकित्सक डा. उपाध्यायका अनुसार यसपटक संक्रमणको स्वरूप विगतभन्दा फरक छ । 'व्यावसायिक फार्ममा देखिँदा आवतजावत रोक्न र कुखुरा नष्ट गर्न सजिलो हुन्थ्यो । तर, काठमाडौंमा स्थानीयस्तरमा पालिएका लोकल कुखुरामा धेरै फैलिएको छ,' उनले भने, 'कहाँ-कहाँ पालिएका छन् भन्ने थाहा पाउने गाह्रो छ र अझ कागमा पनि बर्डफ्लु देखियो ।'

उपत्यकाको सबैभन्दा बढी प्रभावित जिल्ला भक्तपुर बनेको छ । भक्तपुरका २५ स्थानमा बर्डफ्लु पुष्टि भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### कम्युनिस्ट...

उनले कम्युनिस्ट दलहरूबीचको एकतालाई निर्वाचनको अंकगणित नभई राजनीतिक अस्तित्वसँग जोडेर हेरेका छन्। पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा सहसंयोजक माधवकुमार नेपालले पार्टी एकता गर्नुपर्ने तर त्यसअघि नेताहरूले आत्मसमीक्षा गर्नुपर्ने बताए । उनका अनुसार विगतका गल्ती स्वीकार नगरी फेरि पार्टी एकता गर्दा पुरानै समस्या दोहोरिने छ । उनले यसो भनेर ३ जेठ २०७५ एमाले र तत्कालीन नेकपा माओवादी केन्द्रबीच एकता भएको र तर तीन वर्ष नपुग्दै एकता विघटन भएको तथ्यतर्फ संकेत गरेका हुन् । त्यही भएर पार्टी एकता गर्नुअघि खासगरी एमाले अध्यक्ष ओली र नेकपा अध्यक्ष दाहालले आत्मसमीक्षा गर्नुपर्ने विषयलाई नेपालले पहिलो सर्त बनाए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा नेता झलनाथ खनालले विनासर्त छिटो कम्युनिस्ट क्रान्तिकारी शक्तिबीच एकता हुनुपर्ने बताए । 'यो देशका कम्युनिस्ट क्रान्तिकारीहरू एकताबद्ध हुनैपर्छ वामपन्थी एकता अनेकन कालखण्डदेखि जरुरत थियो । हामी एकताबद्ध भयौं,' उनले भने, 'अब यही दिनबाट वामपन्थी एकतालाई दीर्घकालीनरूपमा अगाडि बढाऔं ।'

उनले प्रधानमन्त्री वालेन्द्र शाहलाई 'तानाशाही' भन्दै वामपन्थी एकताको नारा लगाए । 'साम्राज्यवादीहरूले बबण्डर मच्चाइरहेका छन्। त्यसविरुद्धको लडाइँका लागि वामपन्थी एकता आवश्यक छ,' उनले वापमन्थी एकताको नारा लगाउँदै भने । खनालले गत २१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनमा वामपन्थी शक्तिहरूले चुनावी तालमेलमात्रै गरेको भए १०० सिट जित्ने दाबी गरे ।

विगतमा ओलीसँग दाहाल, नेपाल र खनाल एक अर्काको मुख नहेर्नेसम्मको स्थितिमा पुगेका थिए । तर, आइतबार चारै जना एउटै मञ्चमा उभिएर एकताको रटान लगाए । कम्युनिस्ट पार्टीहरू प्रजातन्त्रको पुनर्वहालीपछिकै सर्वाधिक संकटपूर्ण अवस्थामा छँदा नेपालमा कम्युनिस्ट आन्दोलनको भविष्यलाई लिएर चिन्तित पनि देखिए । जबकि, २०७४ को निर्वाचनपछि तत्कालीन नेकपा प्रतिनिधिसभामा झण्डै दुईतिहाइ बहुमतधारी दल थियो। राष्ट्रिय सभामा पनि नेकपा बलियो थियो। मधेसबाहेक सबै प्रदेशमा नेकपाको सरकार थियो। ७५३ स्थानीय तहमध्ये करिब ६० प्रतिशतमा नेकपाको सरकार थियो।

तर, दशकपछि प्रतिनिधिसभामा कम्युनिस्ट दलहरू प्रमुख प्रतिपक्षसमेत बन्न सक्ने अवस्था भएन । देशव्यापीरूपमा कम्युनिस्ट पार्टीहरूले गत निर्वाचनमा हण्डर खाए । पार्टीप्रतिको प्रभाव कमजोर बन्दै गएको छ । अर्को वर्षको ३० वैशाखसम्ममा स्थानीय चुनाव भइसक्नुपर्छ। प्रदेशको चुनाव पनि स्थानीय चुनावसँगै गर्ने तयारी सरकारको छ । यस्तोमा निर्वाचनलाई पनि लक्षित गर्दै दुई ठूला कम्युनिस्ट दलहरू एमाले र नेकपाका नेताहरू एकता गरेरमात्रै चुनावमा जाने छाँट देखाइरहेका छन् ।

नेपालको संसदीय राजनीतिमा कम्युनिस्ट आन्दोलनको यात्रा विगतमा निकै प्रभावशाली थियो । २०१५ सालको पहिलो आमनिर्वाचनमा चार सिटबाट यात्रा सुरु भएको थियो । २०४८ सालमा कम्युनिस्ट शक्ति ८१ सिटमा पुग्यो । २०५१ सालमा ९२ सिट जित्दै मनमोहन अधिकारी नेतृत्वमा नेपालको पहिलो कम्युनिस्ट सरकार गठन भयो। २०६४ सालको संविधानसभा निर्वाचनमा कम्युनिस्ट दलहरूले ६०१ मध्ये ३७० सिट जिते । २०७० सालमा पनि बहुमत नजिकको उपस्थिति कायम रह्यो। २०७४ सालमा एमाले-माओवादी गठबन्धनले १७६ सिट जित्यो । यतिबेला भने कम्युनिस्ट दलहरू र तिनका नेताहरू एमाले र नेकपा शक्तिहीन बनेका छन् र एकताको रटान लगाउन थालेका छन् ।

यस्तोमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पनि कम्युनिस्ट दलहरूबीच एकता अपरिहार्य रहेको बताइन् । उनले कम्युनिस्ट आन्दोलन एउटा निर्वाचन हार्दैमा सकिएको निष्कर्षमा पुग्न नमिल्ने भन्दै कम्युनिस्ट दलहरू र तिनका नेताहरूलाई हौस्याइन् ।

■■■

### डेढ वर्षभित्र...

'राजनीतिक प्रतिशोध लिन्छ कि भन्ने आशंका जन्मिएको छ । त्यसो गरे झन् गाह्रो हुन्छ । हामीलाई बाहिर निस्कन गाह्रै हुन्छ । विधिको शासन बाहिर हामी जाँदैनौं । रक सो लिड इभिडेन्सविना हामी अघि बढ्दैनौ,' वाग्ले ले भने, 'हामीमाथि अन्तर्राष्ट्रिय निकायले सूक्ष्म रूपमा निगरानी गरिराखेको छ ।'

अध्यादेशलाई प्रतिस्थापन गर्न विधेयक

अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याएको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ सर्वसम्मतिले स्वीकृत भएको छ । अर्थमन्त्री डा. वाग्लेले आइतबार प्रतिनिधिसभा बैठकमा प्रस्तुत गरेको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको हो ।

सरकारले गत वैशाख १८ गते संघीय संसद्का दुवै सदनको अधिवेशन सञ्चालनमा नरहेको अवस्थामा सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ जारी गरेको थियो। नेपालले एफएटिएफको खैरो सूचीबाट बाहिर निस्कन सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनमा संशोधन गर्दै आएको छ । यद्यपि, एफएटिएफले असार ५ गते नेपाललाई खैरो सूचीबाट बाहिर निकाल्न नसकिने जनाउँदै सुधारका लागि सुझाव दिएको छ ।

त्यसैले पनि यो संशोधन आवश्यक रहेको सांसद विदुषी राणाले बताइन् । 'अर्थतन्त्रलाई मनी लाउण्डिरिङले भित्रभित्रै धमिरालेझैं खाइरहेको छ। हाम्रो अवस्था यति भयवाह छ कि आर्थिक वर्ष २०८१/८२ मा शंकास्पद कारोबारसम्बन्धी ९ हजार ५६५ उजुरीहरू परेका छन्,' प्रतिनिधि सभामा छलफल गर्दै सांसद राणाले भनिन् । यसबारे अनुसन्धान र कारबाही शुन्य रहेको उनको भनाई थियो। सहकारी, क्यासिनो, बहुमुल्य धातु र घरजग्गा कारोबारमा कालोधनको व्यापक प्रयोग भइरहेको राणाले बताइन्।

हुण्डी तथा अवैध कारोबार तत्काल रोक्नुपर्ने उनको माग छ। 'कानुन बनाएरमात्र हुँदैन यसका लागि निर्मम कार्यान्वयन आवश्यक छ। अब पनि ग्रे लिस्टबाट निस्कन सकेन भने ब्ल्याक लिस्टले हाम्रो अर्थतन्त्रका सास निमोठ्ने छ, कालोधनलाई सेतो धन बनाउने डिटरजेन्ट सरकार बन्न हुन्न,' राणाले भनिन्। उक्त विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि संघीय संसद्को विधेयक शाखामा पेस गर्न आग्रह गरिएको छ।

अर्का सांसद कृष्णहरि बुढाथोकीले कार्यान्वयनको नाममा निर्दोष नागरिक पर्न नहुने सुझाव दिए । यो विधेयक समयानुकूल छ । तर यो कार्यान्वयनको बेला निर्दोष नागरिक, वैध व्यवसायी र लगानीकर्तालाई झन्झन् सिर्जना हुनु हुँदैन । प्रमाणको आधारमा हुनुपर्छ । राज्यले अपराध नियन्त्रण गर्ने नाममा नागरिकको संवैधानिक अधिकार हनन गर्ने काम गर्नुहुँदैन । यसमा सरकार सचेत हुनु आवश्यक छ,' बुढाथोकीले भने ।

कांग्रे सांसद चन्द्रमोहन यादवले भने अनावश्यक रूपमा अध्यादेश जारी गरेर सरकारले सत्ता स्वार्थ पुरा गरेको भन्दै घोर विरोध गरे । 'अध्यादेशमार्फत ल्याएकोले यसको घोर भर्त्सना गर्छु। शासकको स्वार्थरक्षाका लागि यो अध्यादेश अघि बढेको छ । यसमा मेरो आपत्ति छ । नेपाललाई ग्रे लिस्टबाट निकाल्ने कुरामा मेरो पनि समर्थन छ । तर सत्ताले व्यक्तिको खाता रोक्क गर्ने जस्ता कार्यले बजार सशंकित भएको देखिन्छ,' यादवले भने ।

कांग्रेसका अर्का सांसद् गीता राईले कार्यान्वयनका क्रममा सत्ताले व्यवसायीलाई अनावश्यक दुःख दिन नहुने धारणा राखिन् । 'अवैधरूपमा आर्जन गरेको सम्पत्ति कानुनी देखाउने कार्यले भ्रष्टाचार कर छली संगठित अपराधजस्तो तथा अन्य गैरकानुनी विषयलाई प्रोत्साहित गर्छ । यस विधेयकको उद्देश्य अवैध सम्पत्तिको पहिचान र अनुसन्धान हो, नियन्त्रण र कारबाहीलाई प्रभावकारी बनाउनु हो,' राईले भनिन्, 'तर यसलाई कार्यान्वयन गर्दा व्यवसायीलाई अनावश्यक दुःख नहोस् भन्नेमा ध्यान दिनुपर्छ । अनुसन्धान गर्ने निकायको क्षमता सुदृढ होस् ।' उक्त विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि संघीय संसद्को विधेयक शाखामा पेस गर्न आग्रह गरिएको छ ।

■■■

### कामदारको घट्दो...

नेपालीहरू संस्थागतरूपमा करिब २० वटा मुलुकमा रोजगारीमा जाने गरेका छन्। जसमध्ये खाडीका छ वटा मुलुक र मलेसिया प्रमुख रोजगार गन्तव्य हो। खाडीको रोजगारी घटिरहँदा मलेसियाले पनि सन् २०३० सम्म त्यहाँ कार्यरत विदेशी कामदारलाई १० प्रतिशतमा झार्ने बताउँदै आएको छ। यसकारण त्यहाँबाट आउने माग विगतको जस्तो देखिँदैन ।

एकातिर श्रमिकको माग घटेर अप्ठारोमा परेका व्यवसायीलाई सरकारले थप कडाइ गर्न थालेको छ। विशेषगरी बढी सेवा शुल्क लिएको उजुरी परे म्यानपावरमा छापा हान्ने कामलाई समेत वैदेशिक रोजगार विभागले तीव्र पारेको छ । व्यवसायीले भने सरकारसमक्ष पनि आफूहरूले शुल्क लिएरै श्रमिक पठाएको स्वीकर गर्दै आएका छन् । आफूहरूलाई व्यवसाय गने बाधक बनेको नीतिमा सुधार नगरी व्यवसाय सञ्चालन गर्न नसक्ने अवस्थामा पुगेको संघका अध्यक्ष खत्रीले बताए ।

'व्यवसाय सञ्चालन गर्नसक्ने नीति नआएसम्म सरकारसँग सहकार्य गर्ने र श्रमिक पठाउन केही समय बन्द गर्ने परिस्थितिको सिर्जना भएको छ,' उनले भने, 'पहिला सर्वस्वीकार्य नीति आओस् त्यसपछि दिल खोलेर काम गर्ने हो भनेर ९० प्रतिशत व्यवसायीबाट आएको छ ।'

आफूहरूले बेरोजगार युवाहरूलाई रोजगारीको अवसर प्रदान गरे पनि सरकारले धरपकड गर्दा इजाजतप्राप्त संस्थाप्रति नकारात्मक धारणा बढेको व्यवसायीहरूले बताउँदै आएका छन्। पछिल्लो समय संस्थाको समस्यालाई सञ्चारमाध्यममा सार्वजनिक गर्दा धेरै कर्माचारीले काम छोडेर गएको उनीहरूको भनाइ छ । धेरै संस्थामा आवश्यक जनशक्ति पाउनै कठिन हुन थालेको उनीहरूले बताएका छन् ।

व्यवसायीहरूले संशोधन गर्नुपर्ने नीतिमा टेकेर आफूमाथि अन्याय भएको बताइरहँदा हाल भइरहेको कानुनको कार्यान्वयन गर्नु राज्यका निकायको दायित्व भएको विज्ञ बताउँछन् । वैदेशिक रोजगार ऐनमा श्रमिकको सबै खर्च रोजगारदाताले व्यहोर्नुपर्ने प्रावधान छ । उक्त नीतिमा टेकेर इजाजतप्राप्त संस्थालाई कडाइ गर्नु कानुनसम्मत भएको श्रमविद् सोम लुइँटेलको भनाइ छ ।

'अहिले भएको ऐनअन्तर्गत काम गर्ने दायित्व वैदेशिक रोजगार विभागको हो। मन्त्रालयले कार्यदल बनाएर गरिरहेका काम भविष्यका लागि हो,' उनले भने, 'नयाँ ऐन नआउँदा भएकै कार्यान्वयन गराउने हो । कार्यदलले सिफारिस गर्नेबित्तिकै सेवा शुल्क परिवर्तन हुन्छ भन्ने पनि छैन ।'

सरकारले वैदेशिक रोजगार ऐन, २०६४ लाई व्यवसायी र श्रमिकमैत्री बनाउने भन्दै गत जेठ २२ गते उच्चस्तरीय कार्यदल गठन गरेको छ । उक्त संशोधनमा श्रमिकको सेवा शुल्कको विषयलाई विशेष प्राथमिकतामा राखिएको छ। यद्यपि, नेपालले धेरै मुलुकसँग 'इम्प्लोयर पे मोडल'मा सम्झौता गरेको र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) लगायतका फोरममा जनाएका प्रतिबद्धताका कारण सेवा शुल्क तोक्ने विषय सहज नभएको उनको भनाइ छ ।

■■■

### उपत्यकामा...

चाँगुनारायण क्षेत्र सबैभन्दा बढी प्रभावित छ। सूर्यविनायक र मध्यपुर थिमीका साना पोल्ट्री फार्ममा पनि संक्रमण फैलिएको छ । काठमाडौंको कीर्तिपुर, टोखा, कागेश्वरी मनोहरा र बूढानीलकण्ठका १५ स्थानमा संक्रमण पुष्टि भएको छ । ललितपुरको गोदावरी, महालक्ष्मी र सुनाकोठीका १२ स्थानमा बर्डफ्लु फैलिएको छ। त्यस्तै, काभ्रेपलाञ्चोकको पनौती र बनेपाका पाँच व्यावसायिक फार्ममा पनि संक्रमण देखिएको विभागले जनाएको छ ।

बर्डफ्लु नियन्त्रणका लागि सरकारले ठूलो संख्यामा कुखुरा तथा पन्छीजन्य सामग्री नष्ट गरिसकेको छ। विभागका अनुसार हालसम्म देशभर छ लाख छ हजार ७५८ वटा कुखुरा नष्ट गरिएको छ। काठमाडौं, भक्तपुर र ललितपुरमा मात्रै एक लाख ४८ हजार ४८९ वटा कुखुरा मारिएका छन्। नौ लाख ९४ हजार ६४९ वटा अण्डा नष्ट गरिएको छ। एक लाख ९५ हजार ५९५ किलो दाना पनि नष्ट गरिएको विभागको तथ्यांक छ ।

यससँगै संक्रमण देखिएका स्थानमा 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन गरिएको छ । टोलीले संक्रमित कुखुरा नष्ट गर्ने, खोर खाली गराउने र पूर्णरूपमा निर्मलीकरण गर्ने काम गरिरहेको छ। संक्रमणबाट किसानले ठूलो आर्थिक क्षति बेहोरेका छन्। विभागको प्रारम्भिक मूल्यांकनअनुसार हालसम्म करिब ५७ करोड रूपैयाँ बराबरको क्षति भएको छ । सरकारले बर्डफ्लुप्रभावित किसानलाई राहत दिने तयारी पनि गरेको छ।

सरकारले पशु सेवा विभागमा राहतका लागि ५२ करोड रूपैयाँ उपलब्ध गराएको छ । डा. उपाध्यायका अनुसार सरकारले क्षतिको ७५ प्रतिशतसम्म राहत दिने नीति लिएको छ । यसका लागि कोशी प्रदेशका प्रभावित किसानबाट राहतका लागि कागजात संकलन सुरु भइसकेको छ । काठमाडौं उपत्यकाका किसानलाई पनि आवश्यक प्रक्रिया पूरा गरेर राहत वितरण गरिने विभागले जनाएको छ।

गत चैत ४ गतेदेखि बर्डफ्लु संक्रमण सुरु भएको थियो। साढे तीन महिना नहुँदै संक्रमण ११ जिल्लामा फैलिएको छ। यससँगै कुखुराको मासुको बिक्री २० देखि ३० प्रतिशतसम्म घटेको छ।


**मलेसियामा रोजगार** कम्पनी : Z STAR CONCEPT SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१४ | LT. No. 340239 | चलानी नं. ६०२५३६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCleaner General | 100 | 0 | 1700 | ६२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**युएइमा रोजगार** कम्पनी : UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/03/१४ | LT. No. 336206 | चलानी नं. ६०२५३१०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 1 | 8 | 1920 | ७८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guards | 36 | 7 | 2000 | ८१,७९० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Tenduli International Employment Service Pvt. Ltd.
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9818119591, 9823237412, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np
Govt. License 304/059/60



**युएइमा रोजगार** कम्पनी : HAMS AL BAHAR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/03/01 | LT. No. 343535 | चलानी नं. ६०२५७१५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 2 | 0 | 1500 | ६१,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 1 | 0 | 1500 | ६१,३४५ | | | | | | | |
| 3. | Electrician Assistant | 1 | 0 | 1200 | ४८,०७५ | | | | | | | |
| 4. | Electrician. | 1 | 0 | 1500 | ६१,३४५ | | | | | | | |
| 5. | Labour | 4 | 0 | 1100 | ४४,९८५ | | | | | | | |
| 6. | Steel Fixer | 1 | 0 | 1500 | ६१,३४५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८०७/०८२/०८३

Fari Global Overseas Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal. Tel- +977-015928190, Bhawani Shrestha 9768552740
Email:- fariglobaloverseas1807@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : TARIQ AL-GHANIM GENERAL TRADING & CONTRACTING COMPANY शहर : State of Kuwait - Ahmadi

पूर्व स्वीकृति मिति : २०८३/03/१२ | LT. No. 344056 | चलानी नं. ६०२५७३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 300 | 0 | 120 | ५८,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 100 | 0 | 100 | ४८,४९५ | | | | | | | |
| 3 | Heavy Driver /driver | 10 | 0 | 160 | ७७,५९५ | | | | | | | |
| 4 | Light Driver/driver | 10 | 0 | 140 | ६७,८९५ | | | | | | | |

प्रि- अन्तर्वार्ता धमाधम भइरहेको छ । Pre-Interviews are going on.
फाइनल अन्तर्वार्ता हुने स्थान / मिति : (Final Interview Venu / Date)
नाइल इन्टरनेशनल टेक्निकल ट्रेनिङ सेन्टर, सिनामंगल-९, काठमाडौंमा मिति: २०८३ असार २९/३१/३२ गते (13/15/16th Jul. 2026) मा हुनेछ ।
(Out of KTM) सेन्टर क्यापिटल ट्रेनिङ सेन्टर, बी.पी चोक, इटहरी-९, सुनसरी मा मिति: २०८३ असार ३० गते (14th Jul. 2026) मा हुनेछ ।
नोट : ट्रेनिङ गरेर जाने सुविधा पनि छ । इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | प्रहरी चारित्रिक प्रमाणपत्र | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, 9851443805
Email : info@nileintlmanpower.com, documentation@nileintlmanpower.com, Website: www.nileintlmanpower.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/१५ गते**

यस कम्पनीको मिति २०८२/०३/२६ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बत्ति ग्रुप प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कोने फार्म रिसोर्ट प्रा.लि. (प्रा.लि.नं. १५९७८९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १५ असार, २०८३**

| राशि | फल |
|---|---|
| मेष | सम्बन्ध र सहकार्यबाट लाभ मिल्नेछ । निर्णय सोचेर लिनुहोस । |
| वृष | मेहनतको परिणाम प्राप्त हुने दिन । नयाँ जिम्मेवारी आउन सक्छ । |
| मिथुन | ज्ञान र सीप बढाउने अवसर मिल्नेछ । सकारात्मक सोच राख्नुहोस । |
| कर्कट | आर्थिक योजना सफल हुन सक्छ । परिवारको सहयोग मिल्नेछ । |
| सिंह | सामाजिक सम्मान बढ्न सक्छ । नयाँ सम्पर्क उपयोगी बन्नेछ । |
| कन्या | सिर्जनात्मक काममा सफलता मिल्नेछ । भावनामा बहेर निर्णय नगर्नुहोस । |
| तुला | काममा नयाँ अवसर आउन सक्छ । आत्मविश्वास बढ्नेछ, तर हतारमा निर्णय नगर्नुहोस । |
| वृश्चिक | आर्थिक पक्षमा सुधारको संकेत छ । परिवारसँगको सम्बन्ध राम्रो रहनेछ । |
| धनु | नयाँ योजना बनाउन अनुकूल समय । यात्रा वा भेटघाटबाट फाइदा हुन सक्छ । |
| मकर | मनमा उत्साह रहनेछ । स्वास्थ्यमा ध्यान दिनु राम्रो । |
| कुम्भ | नेतृत्व गर्ने अवसर मिल्न सक्छ । खर्चमा नियन्त्रण गर्नुहोस । |
| मीन | काममा प्रगति हुनेछ । पुराना समस्या समाधानतर्फ जानेछन३ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ असार, २०८३ (२९ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.७४ | १५१.३४ |
| युरो | १ को | १७१.९६ | १७२.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.२८ | २००.०७ |
| स्विस फ्रैन्क | १ को | १८६.५२ | १८७.२७ |
| अस्ट्रेलियन डलर | १ को | १०४.०३ | १०४.४४ |
| क्यानाडियन डलर | १ को | १०६.२६ | १०६.६९ |
| सिङगापुर डलर | १ को | ११६.५२ | ११६.९९ |
| जापानी येन | १० को | ९.३३ | ९.३६ |
| चिनियाँ युआन | १ को | २२.१७ | २२.२६ |
| साउदी अरब रियाल | १ को | ४०.१४ | ४०.३० |
| कतारी रियाल | १ को | ४१.३९ | ४१.५६ |
| थाई भाट | ख १ को | ४.५२ | ४.५४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.०४ | ४१.२१ |
| मलेसियन रिङेट | १ को | ३६.८८ | ३७.०३ |
| दक्षिण कोरियन वन | १०० को | ९.८० | ९.८४ |
| स्विडिस क्रोनर | १ को | १५.५५ | १५.६१ |
| डेनिस क्रोनर | १ को | २३.०० | २३.१० |
| हङकङ डलर | १ को | १९.२२ | १९.३० |
| कुवेती दिनार | १ को | ४८९.५७ | ४९१.५२ |
| बहराइन दिनार | १ को | ३९९.८४ | ४०१.४३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# असारे रोपाइँ महोत्सवले आकर्षित गऱ्यो विदेशी पर्यटक

**कास्की–** पोखरा महानगरपालिका-३० शिशुवा देउरालीस्थित खोलाको छेउमा आइतबार बिहानदेखि छुट्टै रौनक थियो । मध्य असारको महिना खेताला र बाउसेलाई भ्याइनभ्याइ थियो ।

गोरुले खेत हिलाउने, बीउ काढ्ने र धान रोप्न कृषक बिहानदेखि व्यस्त थिए । तर आइतबार स्थानीय कृषकसँगै स्वदेशी तथा विदेशी पर्यटक पनि हिलोमा उत्रिए । पर्यटकअनुहार र शरीरभर हिलो दलेर रमाएका थिए । खेतमै धान रोप्दै, असारे भाका गाउँदै र हिलो खेल्दै रमाएका उनीहरूको सहभागिताले असारे रोपाइँ महोत्सवलाई कृषि र पर्यटनको संगमका रूपमा फेरि एकपटक जीवन्त बनायो ।



पोखरा पर्यटन परिषद्को आयोजनामा हरेक वर्ष सञ्चालन हुँदै आएको असारे रोपाइँ महोत्सवलाई यस वर्ष पनि निरन्तरता दिइएको हो । २१औं संस्करणको महोत्सवमा छिमेकी मुलुक भारतसहित अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, चीनलगायत विभिन्न देशका विदेशी पर्यटक तथा स्वदेशी आगन्तुक सहभागी थिए । सहभागी पर्यटकले स्थानीय कृषकसँगै धान रोपे, हिलो खेले, हिलोमै फुटबल खेल्ने र असारे गीतमा नाच्दै नेपाली ग्रामीण संस्कृति नजिकबाट अनुभव गरे ।

परिषद्का अनुसार 'पोखरा सबै मौसमका लागि' भन्ने नारासहित पोखरालाई कृषि, पर्यटन र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले असारे रोपाइँ महोत्सव आयोजना गरिएको हो । हरेक वर्ष राष्ट्रिय धान दिवसका अवसरमा असार १५ गते रोपाइँ महोत्सव गर्ने गरिए पनि यस वर्ष पूर्णिमा परेको र कृषकले हल गोरु नचलाउने परम्परा रहेकाले एक दिनअघि महोत्सव गरिएको आयोजक पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताए । उनका अनुसार पोखराको प्राकृतिक सौन्दर्यसँगै कृषि तथा सांस्कृतिक पर्यटनको गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवलाई निरन्तरता दिइएको हो ।

'यस्ता कार्यक्रमले विदेशी पर्यटकलाई नेपाली जीवनशैली, कृषि परम्परा र मौलिक संस्कृतिसँग प्रत्यक्ष साक्षात्कार गराउनुका साथै पोखराको पर्यटन प्रवर्द्धनमासमेत योगदान पुग्ने गरेको छ । स्वदेशी तथा विदेशी पर्यटकलाई नेपाली असारे रोपाइँ संस्कृतिको प्रत्यक्ष अनुभव गराउन महोत्सव गरिएको हो । रोपाइँलाई उत्सवका रूपमा मनाउने परम्पराले कृषि र पर्यटनबीचको सम्बन्धलाई अझ बलियो बनाउँछ,' पहारीले भने ।

महोत्सवको उद्घाटन गर्दै पोखरा महानगर प्रमुख धनराज आचार्यले नेपालको प्रमुख खाद्यबाली धानको व्यावसायिक उत्पादनका लागि महानगरले कृषकलाई अनुदानलगायत सहयोग गर्दै आएको बताए । पोखराको पहिचान बनेको 'पोखरेली जेठोबूढो' धानको 'ब्राण्डिङ' गर्न सुरु गरिएको उनले बताए ।

'परम्परागत खेती प्रणालीले गर्दा उत्पादनलगायत बढेको छ । हामीले आधुनिकीकरणमा जोड दिनुपर्छ । केही मौलिक र परम्परागत संस्कृतिलाई जोगाउँदै चक्लाबन्दी र आधुनिक कृषिखेतीमा कृषकलाई उत्प्रेरित गर्न लागत साझेदारीमा अनुदान, कृषि उपकरण, मल, बीउमा सहयोग गरेका छौं,' प्रमुख आचार्यले भने ।


महोत्सवका संयोजकसमेत रहेका पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटाले महोत्सवले विदेशी पर्यटकलाई धान रोपाइँ, हिलो खेल तथा ग्रामीण जीवनशैलीको अनुभव गराएको बताए । 'कृषि र पर्यटनलाई एकै सूत्रमा जोड्दै स्थानीय उत्पादन, संस्कृति र जीवनशैलीको प्रवर्द्धनमा महोत्सवले योगदान पुग्नुका साथै स्थानीय आर्थिक गतिविधि र पर्यटन व्यवसायलाई चलायमान बनाएको छ,' सापकोटाले भने ।

पोखरामा दुई दशकभन्दा बढी समयदेखि सञ्चालन हुँदै आएको असारे रोपाइँ महोत्सव पोखराको कृषि संस्कृति तथा पर्यटन प्रवर्द्धनलाई जोड्ने विशिष्ट कार्यक्रमका रूपमा स्थापित हुँदै आएको छ । रोपाइँ महोत्सवमा आन्तरिकसहित विदेशी पर्यटकसमेत सहभागी हुँदा अझ महोत्सवको छुट्टै रौनक हुने गरेको छ । *रासस*

# मनसुन क्रमशः सक्रिय हुँदै

## असार १६ र १७ गते केही स्थानमा मुसलधारे वर्षा हुने

**काठमाडौं (प्रस)–** मुलुकमा मनसुन क्रमशः सक्रिय हुँदै गएको जनाउँदै जल तथा मौसम पूर्वानुमान महाशाखाले जानकारी दिएको छ । महाशाखाले भोलि असार १६ र पर्सी १७ गते देशका अधिकांश भागमा मुसलधारे वर्षा हुने बताएको छ ।



महाशाखाले आइतबार साँझ विशेष मौसम बुलेटिन जारी गर्दै मधेस, कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई क्षेत्रका केही स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षा तथा एक-दुई स्थानमा धेरै भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ ।

देशका पहाडी तथा तराई क्षेत्रका धेरै र हिमाली क्षेत्रका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ । महाशाखाका अनुसार बंगालको खाडीमा विकसित न्यून चापीय प्रणालीका कारण नेपालतर्फ जलवाष्पयुक्त हावाको प्रवाह क्रमशः बढ्ने भएकाले मनसुन देशका बाँकी क्षेत्रमा पनि फैलिने सम्भावना छ ।

सम्भावित वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रचान बहावको जोखिम बढ्न सक्ने, सहरी तथा तराई क्षेत्रमा डुबान हुन सक्ने, ठूलासाना नदीखोलामा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाले दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी आसपास निर्माण तथा सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले सर्वसाधारण तथा सम्बन्धित निकायलाई आवश्यक पूर्वतयारी गर्न आग्रह गरेको छ ।


**युएईमा रोजगार** — कम्पनी : Rooh Almaha Carpentry & Insulation Contracting LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 343311 | चलानी नं. ६०२५६७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer (Semi-Skilled) | 6 | 0 | 1500 | ६१,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason, Weldiong Technician, P | 6 | 0 | 1500 | ६१,३४४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.२१००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PANDA HUMAN RESOURCE Pvt. Ltd. License No: 1389/074/075
Sukedhara-04, Kathmandu, Nepal., Tel: 01-4370541, Cell: 9851179577, 9801013640
E-mail: info@pandanepal.com, pandahrnepal@gmail.com, Website: pandanepal.com


# कालो सिसा प्रयोग गर्ने ५७ सवारीचालक कारबाहीमा

**काठमाडौं–** काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले कालो सिसा (ब्ल्याक फिल्म) प्रयोग गरेर सञ्चालन गरिएका ५७ वटा सवारीचालकमाथि कारबाहीसहित जरिवाना गरेको छ ।



आइतबार उपत्यकाका विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष ट्राफिक जाँचका क्रममा कालो सिसा प्रयोग गरेका ती सवारीसाधन चालकलाई जरिवानासहित कारबाही गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिए ।

कार्यालयका प्रमुख काफ्लेका अनुसार कानुनविपरीत सवारीसाधनमा कालो सिसा प्रयोग गर्न नपाइने व्यवस्था रहेकाले नियम उल्लंघन गर्ने सवारीमाथि निगरानी बढाइएको हो । 'कानुनविपरीत गाडीमा कालो सिसा प्रयोग गर्न पाइँदैन । आजमात्र ५७ वटा सवारीसाधनलाई कारबाहीसहित जरिवाना गरेका छौं,' एसएसपी काफ्लेले आइतबार भने । पछिल्लो समय निजी तथा सार्वजनिक सवारीसाधन, विशेषगरी माइक्रोबस र ट्याक्सीमा कालो सिसाको प्रयोग बढ्दै गएपछि ट्राफिक प्रहरीले त्यसविरुद्ध विशेष अभियान सञ्चालन गरेको जनाएको छ । प्रहरीका अनुसार कालो सिसाको प्रयोगले सवारीभित्र हुने गतिविधि बाहिरबाट देख्न कठिन हुने भएकाले साना हतियार, लागुऔषध, सुन तथा अवैध मुद्राको ओसारपसार, फरार अपराधीको आवतजावत तथा विभिन्न आपराधिक गतिविधि लुकाउन सहज हुने गरेको पाइएको छ ।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ अनुसार सम्बन्धित निकायको स्वीकृतिविना सवारीसाधनको रङ, सिट संख्या, स्वरूप, इञ्जिन वा चेसिसमा परिवर्तन हुनेगरी कुनै पनि प्रकारको हेरफेर गर्न नपाइने व्यवस्था रहेको जनाएको छ । *रासस*


**कतारमा रोजगार** — कम्पनी : DOOH MEDIA

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 344072 | चलानी नं. ६०२५७४०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OFFICE WORKERS | 0 | 1 | 1000 | ४१,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80
SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com


# त्रिवि शिक्षण अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम पुन:सञ्चालन

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले स्वास्थ्य बिमा कार्यक्रमलाई पुनः सञ्चालन गर्ने भएको छ । गत माघ १ गतेदेखि सो कार्यक्रम बन्द गरेको अस्पतालले आजदेखि पुनः सेवा सुरु गर्न लागेको हो ।

अस्पतालका कार्यकारी निर्देशक डा. सुभाशप्रसाद आचार्यका अनुसार हाल बहिरंग सेवा (ओपिडी)मा सो सेवा सञ्चालन गर्ने र केही दिनपछि अन्य सेवामा पनि विस्तार गरिने छ। स्वास्थ्य बिमा कार्यक्रममार्फत अस्पतालले उपलब्ध गराएको उपचारको भुक्तानी नभएपछि सेवा बन्द भएको थियो ।

उनका अनुसार अस्पतालले बिहान ७:०० देखि ११:०० बजे र दिउँसो १३:०० बजेदेखि साढे १४:०० बजेसम्म बिमा टिकट बिरामीलाई उपलब्ध गराइने छ । केही दिन अघिमात्र बोर्डले अस्पताललाई स्वास्थ्य बिमाबाट उपचार गरेवापतको भुक्तानी उपलब्ध गराएको थियो ।

अस्पतालले २०७७ सालबाट नियमितरूपमा सञ्चालन गर्दै आएको स्वास्थ्य बिमा कार्यक्रममार्फत उपचार सेवा सञ्चालन गरेको थियो । तर सरकारले समयमा रकम भुक्तानी नगरेपछि उक्त सेवा रोकिएको थियो ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

## तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०३/१५ गतेको प्रभाव राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नुभएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/ बाँकी बक्यौता रकम असुलउपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**त्रिभुवन चोक नेपालगंज शाखा, बाँके**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| **बलराम कुमार गुप्ता**<br>ना.प्र.नं. १६२०६<br>जारी मिति : २०६२/१२/२७<br>जि.प्र.का. बाँके<br>बाबुको नाम : सुरज लाल गुप्ता<br>बाजेको नाम : विश्वनाथ कसौधन बनिया<br>स्थायी ठेगाना : नेपालगंज -४, बाँके<br>हालको ठेगाना : नेपालगंज उ.म.न.पा.-५, बाँके<br>**कर्जा शिर्षक : घर कर्जा** | **सुरज लाल गुप्ता**<br>ना.प्र.नं. १८१<br>जारी मिति : २०४४/१२/२३<br>जि.प्र.का. बाँके<br>बाबुको नाम : विश्वनाथ कसौधन बनिया<br>बाजेको नाम : बाबुराम बनिया<br>स्थायी ठेगाना : नेपालगंज -४, बाँके<br>हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -५, बाँके | **कमल कुमार गुप्ता**<br>ना.प्र.नं. १४२७४<br>जारी मिति : २०६२/०३/०८<br>जि.प्र.का. बाँके<br>बाबुको नाम : सुरज लाल गुप्ता<br>बाजेको नाम : विश्वनाथ कसौधन बनिया<br>स्थायी ठेगाना : नेपालगंज -४, बाँके<br>हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -५, बाँके | **शकुन्तला देवी गुप्ता**<br>ना.प्र.नं. ६६१०१९/४२१<br>जारी मिति : २०६५/०६/१७<br>जि.प्र.का. बाँके<br>बाबुको नाम : भगौती प्रसाद गुप्ता<br>पतिको नाम : सुरज लाल गुप्ता<br>ससुराको नाम : विश्वनाथ कसौधन बनिया<br>स्थायी ठेगाना : नेपालगंज -४, बाँके<br>हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -५, बाँके |

**बीरगंज शाखा, पर्सा**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय वीरगंज पर्सामा प्रा.फ.पर्सा नं ५९१२/०६८/०६९ अन्तर्गत मिति २०६९/०३/०३ मा दर्ता कायम भएको **रन्जित काष्ठ तथा फर्निचर उद्योग**<br>दर्ता ठेगाना : वीरगंज -१८, पर्सा<br>स्थायी लेखा नं. ३०५५३१९७९<br>मिति : २०६९/०३/०४<br>**प्रोपाईटरको नाम : निरज कुमार**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा** | **निरज कुमार**<br>ना.प्र.नं. ३३१०६०/४६०३<br>जारी मिति : २०६७/०३/१५<br>जि.प्र.का. बारा<br>बाबुको नाम : मोहन लाल प्रसाद साह<br>बाजेको नाम : सनुफ साह कानु<br>स्थायी ठेगाना : पिप्राढी -७, बारा<br>हालको ठेगाना : वीरगंज म.न.पा.-१५, पर्सा | **मोहन लाल प्रसाद साह**<br>ना.प्र.नं. १३८४/९५२<br>जारी मिति : २०३८/०८/०२<br>जि.प्र.का. बारा<br>बाबुको नाम : सनुफ साह कानु<br>बाजेको नाम : रतन साह<br>स्थायी ठेगाना : पिप्राढी -७, बारा<br>हालको ठेगाना : वीरगंज म.न.पा. -१५, पर्सा | **सुमित्रा देवी साह**<br>ना.प्र.नं. १४९४/१५३२<br>जारी मिति : २०४७/१२/२९<br>इ.प्र.का. कलैया, बारा<br>बाबुको नाम : शिव प्रसाद साह कानु<br>पतिको नाम : मोहन लाल प्रसाद साह<br>ससुराको नाम : सनुफ साह कानु<br>स्थायी ठेगाना : पिप्राढी -७, बारा<br>हालको ठेगाना : वीरगंज म.न.पा.-१५, पर्सा |

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय: कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट: ०१-५९७०६००



## भक्तपुर महिला बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको

## लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।३।१५**

यस सहकारी संस्थासँग तपसिलमा उल्लेखित ऋणीले मालपोत कार्यालयमा दृष्टिबन्धकी समेत पारित गरी विभिन्न शर्त बन्देजहरु पालन गर्ने गरी ऋण कर्जा तथा थप कर्जा लिई उक्त साँवा, व्याज, हर्जना, बिलम्ब शुल्क आदि रकम नतिरेको अवस्थामा सम्पूर्ण प्रक्रिया पूरा गरी धितो लिलाम बिक्री गर्न मिति २०८२।१०।२ मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा निज ऋणी स्वयं संस्थामा उपस्थित भई मिति २०८२।१०।२९ मा निवेदन दिई केही रकम जम्मा गरी तीन महिनाको समय माग गरी तीन महिनाभित्र बाँकी साँवाब्याज भुक्तानी गर्ने प्रतिबद्धता गरेकोमा सो अवधिमा ऋणकर्जा नबुझाई, सम्पर्क नगरी आलटाल गरि बसेको तथा सो सम्बन्धमा मिति २०८३।२।४ मा लिखित ताकेता गर्दा पनि संस्थाको लेना रकम असूल उपर नभएकाले ऋणकर्जा लिंदा यस संस्थालाई दृष्टिबन्धकी पास गरि दिएको तपसिल अनुसारको धितो जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढाबढबाट विक्रि गरी सहकारीको लेना रकम असुलउपर गर्नुपर्ने भएकाले सहकारी ऐन, २०७४ को दफा ७९, ८०, सहकारी नियमावली, २०७५ को नियम ३० तथा प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थाको लेना रकम चुक्ता भुक्तानी गरी आफ्नो धितो फुकुवा गरी लिन तपाई ऋणीलाई पुनः जानकारी गराईन्छ । अन्यथा उक्त दिन लिलाम बिक्री भएपछि ऋणीको यस सम्वन्धमा कुनै नालिस उजुर लाग्ने छैन । अत: यो सूचना प्रकाशित गरिएको मितिले ३६ औं दिनमा अर्थात २०८३।४।१८ गते (सो दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही डाँक बढाबढको आधारमा धितो लिलाम विक्रि गरिने भएकोले सम्बन्धीत ऋणी तथा इच्छुक व्यक्ति, फर्म, कम्पनी एवं सर्वसाधारणलाई यसै सूचनाद्वारा सूचित गरिन्छ । कुनै कारणवश लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम सो सम्पति सहकारी संस्था आफैले सकार गरी लिन सक्ने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो लिलाम बिक्रि गर्दा सम्पूर्ण लेना रकम असूल उपर नभएमा ऋणी तथा निजको एकापरिवारको नाममा रहेको अन्य जायजेथाबाटसमेत असूल उपर गरिने व्यहोरासमेत जानकारी गराईन्छ ।

उक्त दिन धितो दिने ऋणीलाई उपस्थितिको लागि पत्राचार गरिएको छ, पत्र बुझि नलिए वा पत्र प्राप्त नभए पनि उल्लेखित समयमा उपस्थित हुनु हुन यसै सूचनाबाट जानकारी गराईन्छ । उक्त दिन ऋणी उपस्थित नभएमा पनि धितो लिलाम बढाबढ कार्यमा कुनै बाधा नपर्ने कुरासमेत सूचित गरिएको छ ।

**तपसिल**

| ऋणीको विवरण | दृष्टिबन्धकीमा रहेको धितोको विवरण: |
|---|---|
| नाम: सुन्दरी मैंया वोयजु (सदस्य नं ३१९)<br>वाबु: आसकाजी व्वयजु<br>बाजे: आसलाल व्वयजु<br>पति: नरेश सुवाल<br>ससुरा: लक्ष्मी लाल सुवाल | भक्तपुर जिल्ला साविक भिमसेन २ (चपाचो)<br>कि.नं. ३२५६ क्षेत्रफल ०-२-२-० (७९.४९ व.मी.)<br>कि.नं. ३२५७ क्षेत्रफल ०-२-२-० (७९.४९ व.मी.) |

**लिलाम सम्बन्धी शर्तहरु:**

१, धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कवोल गर्ने व्यक्ति वा संस्थाले आफूले बोलेको अंकको १० प्रतिशतले हुने रकम संस्थाले तोकिदिएको खातामा धरौटी बापत बुझाउनु पर्नेछ ।
२, लिलाम बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिले सहकारीबाट लिलाम स्वीकृत भएको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई आफ्नो नाममा नामसारी दा.खा. गर्नु पर्नेछ। अन्यथा धरौटीबापत राखेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
३, लिलाम हुने मिति तोकिएको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै भोलिपल्ट अर्थात कार्यालय खोलेको पहिलो दिनमा लिलाम बढाबढ गरिनेछ ।
४, लिलाम बढाबढ गरी बिक्री हुने जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा कार्यालय समयभित्र आई जानकारी लिन सक्नुहुनेछ ।
५, लिलाम बिक्री गर्नु पर्ने उल्लेखित जग्गा लिलाम बिक्री गर्दा कसैले पनि नसकारेमा सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा ऋण असूली नीति तथा कार्यविधि अनुसार सो सम्पति सहकारी संस्था आफैले सकार गरी लिन सक्नेछ ।
६, लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च तथा जग्गा दा.खा. गर्दा लाग्ने लाभकरसमेत ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ। नामसारी दाखिल खारेज गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।
७, संस्थामा सुरक्षणबापत रहेको धितोबाट संस्थाको सम्पूर्ण कर्जा लेना रकम असुलउपर नभएमा ऋणी तथा निजको एकापरिवारको नाममा रहेको अन्य चलअचल जायजेथाबाट समेत असुलउपर गरिनेछ।
८, डाँक बढाबढ गर्दा सबैभन्दा बढी बोल्ने व्यक्तिलाई लिलाम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा रहनेछ ।
९, लिलाम बढाबढ यस संस्थाको कार्यालय, कमलविनायकमा मिति २०८३ साउन १८ गते दिनको ३:०० बजे हुनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# कूटनीतिमा सरकारको कच्चा कसरत

विश्व अहिले फिफा विश्वकपले तरंगित छ । यही बेला नेपालको फुटबल खेल सम्हाल्दै आएको अखिल नेपाल फुटबल संघ (एन्फा) निलम्बनमा परेको छ । सरकारको मतहातमा रहेको राष्ट्रिय खेलकुद परिषद् र एन्फाका पदाधिकारीको द्वन्द्वका कारण एन्फा निलम्बनमा परेको हो ।

योसँगै अब नेपालको राष्ट्रिय फुटबल टोली अन्तर्राष्ट्रिय खेलमा उत्रन पाउने छैनन् भने नेपालले पाउँदै आएको फिफा फण्ड पनि बन्द हुने छ । ओरालो लाग्दै आएको नेपाली फुटबलका लागि यो ठूलो धक्का हो । हालै सरकारले फिफा विश्वकप हेर्न हिंडेका एन्फाका पदाधिकारीलाई नेपालले विमानस्थलमा रोकेको थियो ।

फागुन २१ गतेको निर्वाचनपछि बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकार पछिल्ला दिन कूटनीतिक विषयहरूमा यसरी नै एकपछि अर्को गर्दै कमजोर बन्दै गएको छ । राहदानी प्रकरणमा प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयले काठमाडौंस्थित जर्मन राजदूतलाई बोलाएर हप्कीदप्की गर्ने काम गरेको छ । राहदानी छपाइमा जर्मन कम्पनीले ठेक्का पाउने भएसँगै यो प्रकरणमा अनुसन्धान गर्न सरकारले यस्तो हत्कण्ड अपनाएको थियो ।

सरकारले पछिल्ला दिनमा कूटनीतिक चाल नचाल्दा भारतदेखि चीन र अमेरिकासँग पनि सम्बन्ध बिगार्नेतिर लागेको छ । जसका कारण चिया निर्यातका लागिसमेत सरकारले शिर निहुराउनुपरेको छ । भारतसँग सम्बन्ध बिगार्दा अन्तर र्राष्ट्रियस्तरमा पेट्रोलियम पदार्थको मूल्य ओरालो लाग्दासमेत नेपालले भने महँगै मूल्यमा उपभोग गर्न बाध्य छ । बिवाइडी गाडी आयातमा सरकारले चीन सरकारसँग सिँगौरी खेल्ने काम गरिरहेको छ । जसकारण नेपाललाई गाडीमा दिइने अनुदानका विषयहरू पनि अब कम हुने र व्यापार प्रभावित हुनसक्ने बताइएको छ ।

सरकार बनेको १०० दिन पुग्नै लागेको छ । तर कूटनीतिमा सरकारले गरेको कसरत निकै कच्चा देखिएको छ । जसकारण रेमिटचान्समा निर्भर हाम्रो अर्थतन्त्र अब कतातिर जान्छ भन्नेमा चिन्ता सुरु भएको छ । सय दिने कार्यसूचीमा लगानीको वातावरण बनाउने, परराष्ट्र सम्बन्ध सुधार गर्ने विषयहरू समावेश छन् । तर सरकारको पछिल्ला गतिविधिले लगानी भित्र्याउने विषयमा न्यूनतम सुधार पनि गरेको छैन । अझ असारको पहिलो हप्ता नेपाललाई फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले ग्रे लिस्टबाट बाहिर राख्न मानेन । यो भनेको अन्तर्राष्ट्रिय लगानीमा अझै जोखिम छ भन्नु हो ।

यी गतिविधिले सरकारको अक्षमता खुल्दै गएको छ । झण्डै दुईतिहाइ नजिकको सरकारलाई जनताले विश्वास गरे पनि प्रधानमन्त्री वालेन्द्र शाह कूटनीतिक सम्बन्ध कायम गर्ने प्रयासमा देखिन्नन् । सरकारका मन्त्रीहरूको पारा पनि उस्तै देखिन्छ । घरको सम्बन्ध जति सुमधुर राखिन्छ, छिमेकसँग पनि पनि उस्तै सम्मानित सम्बन्ध कायम राख्न सक्नु कुशल नेतृत्वको कर्तव्य हो । तर अहिलेको सरकारले यस्तो सम्बन्ध भड्काउने काम गरिराखेको छ । रेमिट्यान्सको भरोसामा चल्ने देशको नेतृत्वले यसबारे बेलैमा बुद्धि पुऱ्याएको राम्रो ।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# बौद्ध सजगता: तनाव व्यवस्थापनको वैज्ञानिक उपाय

❑ भरत केसी

"सजगता कुनै नयाँ फेसन वा केवल उपचार विधि होइन । यो हजारौं वर्षदेखि विकसित भएको चेतनाको अनुशासन हो । यसले मानिसलाई प्रतिक्रियात्मक जीवनबाट उत्तरदायी र सचेत जीवनतर्फ डोऱ्याउँछ । आधुनिक विज्ञानले यसको उपयोगितालाई प्रमाणित गरेको छ, तर यसको पूर्ण अर्थ तबमात्र प्रकट हुन्छ जब यसलाई नैतिकता, विवेक र आत्मबोधसँग जोडेर बुझिन्छ । यसैले सजगता भनेको पूर्वीय दर्शन र आधुनिक विज्ञानबीचको एक सशक्त सेतु हो, यसले मानिसलाई बाह्य प्रगति र आन्तरिक परिपक्वताको सन्तुलन कायम राख्ने मार्गमा डोऱ्याउँछ ।"

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को सन् २०२१ मा प्रकाशित तथ्यांकअनुसार विश्वमा एक अर्बभन्दा बढी मानिस पागलपन, डिप्रेसन, चिन्ता, वाइपोलार डिसअर्डर, हाइपर एक्टिभिटीजस्ता कुनै न कुनै मानसिक समस्याका साथ गुज्रिरहेका छन् । यो संख्या विश्वको कूल १४ प्रतिशत हुन आउँछ । यसमा पनि पुरुष (पुरुष १३ प्रतिशत) भन्दा महिलाको संख्या (१४.८ प्रतिशतं बढी रहेको देखिन्छ । यस्तो समस्या नेपालमा पनि डरलाग्दो तरिकाले बढ्दै गएको देखिन्छ । डब्लुएचओले नेपालमा करिब २२ लाख व्यक्ति विभिन्न मानसिक स्वास्थ्य समस्याबाट प्रभावित रहेको प्रक्षेपण गरेको छ । संगठनका अनुसार चारमध्ये एक युवा र पाँचमध्ये एक बालबालिका कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट पीडित छन् ।

मानव समाजमा रहेको तीव्र अस्वस्थ्य प्रतिस्पर्धा, अव्यवस्थित जीवनशैली, आर्थिक, सामाजिक असुरक्षा, सामाजिक दबाब तथा व्यक्तिगत सम्बन्धहरूमा देखिने असहमतिजस्ता समस्याका कारण समाज हरेक खालका मानसिक समस्याले ग्रसित छ । मानिसमा अनावश्यक महत्त्वाकांक्षा, आधुनिकीकरणको सामाजिक प्रभाव, आर्थिक लाभका लागि मानिसले अपनाउने उपायहरू, लागुऔषध दुर्व्यसनी, यौन हिंसा, सामाजिक हिंसा, विभेदजस्ता सामाजिक हितविरुद्धका कार्यले मानव समाजलाई नकारात्मक बाटोतर्फ डोऱ्याउँदै लगेको पाइन्छ । परिणामस्वरूप मानिसहरूमा दिन प्रतिदिन मानसिक तनाव, चिन्ता, अवसादजस्ता मानसिक समस्या तीव्ररूपमा बढिरहेका छन् ।

डब्लुएचओका अनुसार मानसिक स्वास्थ्य आजको प्रमुख चुनौतीको रूपमा देखापरेको छ । यस्तो मानसिक स्वास्थ्यको चुनौतीलाई न्यूनीकरण गर्न र मानव समाजलाई सकारात्मक दिसातर्फ अगाडि बढाउन पूर्वीय दर्शन विशेषगरी बौद्ध दर्शनले प्रस्तुत गर्ने मनको सजगताको अवधारणाले प्रभावकारी मार्ग प्रस्तुत गर्दछ । बौद्ध सजगताका सिद्धान्तहरूले आधुनिक संसारमा कसरी प्रभावकारीरूपमा तनाव कम गर्न र समग्र कल्याणलाई बढावा दिन सक्छन् भन्ने बताउँछ । बौद्ध शिक्षाहरूमा आधारित सचेतना अभ्यास आधुनिक समाजमा परेको प्रभावलाई परीक्षण गर्दै, तनाव व्यवस्थापन, भावनात्मक नियमन र सामान्य स्वास्थ्यका लागि प्रभावकारी काम गरेको विभिन्न अध्ययनले पुष्टि गरेको छ । बौद्ध दर्शनमा प्रस्तुत मनको सजगताले प्राचीन पूर्वीय ज्ञान र आधुनिक पश्चिमी विज्ञानको मिलनले आधुनिक जीवनको व्यस्तता र मानसिक तनाव व्यवस्थापनमा एक शक्तिशाली आधार प्रदान गरेको छ ।

### बौद्ध दर्शनमा मनको सर्वोच्च स्थान

बौद्ध दर्शनमा मन सजगताको दृष्टिकोणबाट आधुनिक मनोवैज्ञानिक तनावको समाधानलाई बुझ्न सकिन्छ । बौद्ध दर्शनमा मन अथवा चित्तको विशेष महत्त्व छ । बुद्ध स्वयंले भनेका छन् 'संसार त्यो हो जो हामीले आफ्नो मनमा देख्ने गर्छौं ।' धम्मपदको प्रथम पदमा लेखिएको छ, 'सबै कुराभन्दा अघि मन हुन्छ, सबै कुरालाई मनले डोऱ्याएर लान्छ, सबै कुरालाई मनले बनाउने गर्छ ।'

बौद्ध धर्ममा मनलाई सबै कुरा बुझ्ने र अनुभव गर्ने मुख्य आधार मानिन्छ । आजको आधुनिक समाजमा मानिसहरूको जीवनशैली अत्यन्त व्यस्त र प्रतिस्पर्धात्मक बनेको छ । अहिलेको यो प्रतिस्पर्धात्मक समाजमा मानिसहरू धेरै तनाव, चिन्ता र मानसिक दबाबमा जीवन व्यतीत गरिहेका छन् । कामको दबाब, आर्थिक चिन्ता, सामाजिक अपेक्षा र व्यक्तिगत समस्याहरूका कारण धेरै मानिसहरू मानसिक तनाव, चिन्ता र अवसाद (डिप्रेसन)जस्ता समस्याबाट जुधिरहेका छन् ।

मानिसको जीवन अहिले यति धेरै व्यस्ततामा बितेको छ कि समय निकालेर एकछिन पनि आफ्नो समाज, परिवार र सन्ततिका विषयमा सोच्ने फुर्सद पनि हुँदैन । अनि ऊ समाज, परिवार, आफन्त र सन्ततिबाट विस्तारै टाढिँदै गएको पत्तै पाउँदैन । जतिबेला उसले यस विषयको महसुस गर्छ परिस्थिति धेरै फरक भइसकेको हुन्छ । अनि उसमा तनाव, चिन्ताको अवस्था बढ्दै मानसिक समस्यामा पुग्दछ । र, मानिसमा एन्जाइटी, डिप्रेसनलगायतका अनेकन मानसिक समस्या उत्पन्न हुन्छ ।

गरिएको छ । बौद्ध दर्शनमा सजगतालाई चार प्रमुख प्रकारका रूपमा उल्लेख गरिएको छ ।

१) **कायानुपस्सना**: आफ्नो शरीरलाई बुझ्ने । आफ्नो शरीरका हरेक क्रियाकलापहरू (जस्तैः श्वासप्रश्वास, हिँडडुल, बसाइ, उठाइ) प्रति पूर्णरूपमा सजग रहनु नै कायानुपस्सना हो ।

२) **वेदनानुपस्सना**: यसले वेदना अर्थात् शरीर र मनमा उत्पन्न हुने सुखद्, दुःखद् वा उदासीन वेदनाहरूमा आशक्ति नराखी तटस्थ भएर नियाल्नुपर्ने कुराको वकालत गर्दछ ।

३) **चित्तानुपस्सना**: मनको अवस्थालाई संकेत गर्दछ । आफ्नो मनको वर्तमान अवस्था कस्तो छ (जस्तैः मनमा क्रोध छ कि शान्ति, चञ्चलता छ कि एकाग्रता) भनी स्पष्टरूपमा चिन्नु र होस राख्नु नै चित्तानुपस्सना हो ।

४) **धम्मानुपस्सना**: यसअन्तर्गत धम्म तत्व निरीक्षण पर्दछन् । मनमा आउने विचारहरू, पञ्च विकार र चार आर्य सत्यजस्ता आध्यात्मिक सत्यहरूलाई प्रज्ञा र विवेकका साथ बुझ्नु नै धम्मानुपस्सना हो ।


पूर्वीय दर्शनमा मनको सजगताको लक्ष्य मुक्ति र आत्मबोध हो, जबकि आधुनिक विज्ञानमा यसको लक्ष्य प्रायः कल्याण, उत्पादकत्व र मानसिक स्वास्थ्यमा सीमित देखिन्छ तर दुवै दृष्टिकोणबीच गहिरो समानता पनि छ । यस सदर्भमा बुद्ध दर्शनले दुःखको मूल कारण अविद्या र तृष्णा ठान्छ, त्यहाँ आधुनिक मनोविज्ञानले दुःखको कारण स्वचालित नकारात्मक सोच र

वास्तविक गहिराइ र नैतिक मूल्यहरू क्रमशः हराउँदै गएर क्षणिक शान्तिको साधनमात्र बनेको छ । आधुनिक समाजमा सजगतालाई बजारमा एउटा उत्पादित वस्तुजस्तै बनाएर बजारमा बिक्री गर्ने साधन वा तनाव विषयलाई सामाजिक र आर्थिक कारणलाई सम्बोधन गर्नुको साटो व्यक्तिलाई मात्र सन्चो बनाउने कर्पोरेट स्वार्थ पूरा गर्ने व्यवसायीकरण माध्यम भइरहेको छ ।

सजगता प्रक्रियालाई धेरैले बौद्ध दर्शनको निस्क्रियता वा संसारबाट भाग्ने माध्यमका रूपमा बुझ्छन् तर यसले वर्तमानमा सचेत भएर जिम्मेवारी पूरा गर्न सिकाउँछ । अभ्यासकर्ताले तुरुन्तै 'निर्वाण' वा पूर्ण शान्ति पाउने ठूलो अपेक्षा राख्दा, तनाव कम हुनुको साटो झन् मानसिक दबाब बढ्ने गरेको पाइन्छ ।

दैनिक जीवनमा गरिने 'आनापानसती' (श्वासप्रश्वासको सजगता) अभ्यासले कार्यस्थलमा हुने मानसिक तनाव कम गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । बौद्ध सजगता अभ्यासले व्यक्तिमा 'करुणा' र 'उपेक्षा' को विकास गराई आधुनिक मानसिक चिन्तालाई सकारात्मक मार्गमा रूपान्तरण गर्छ । यसका परम्परागत विधिहरूलाई आधुनिक 'डिजिटल तनाव' व्यवस्थापनमा अनुकूलन गर्न सकिन्छ । बौद्ध धर्मको 'अनित्य'को बोधले आधुनिक समाजमा हुने 'भविष्यको डर' र तनावलाई कम गर्न मद्दत पुऱ्याउँछ ।

न्युरो-वैज्ञानिक दृष्टिकोणअनुसार आधुनिक साहित्यले सजगता अभ्यास र मस्तिष्कको




आधुनिक समाजमा तनावको प्रमुख कारण मानिसमा भविष्यको चिन्ता र विगतमा गरिएका क्रियाकलाप या विगतमा गर्न नसकेका काममा अनावश्यक पछुतो हो । मानिसले विगतमा गरेका क्रियाकलाप न त पछुतो मानेर सुधार्न सक्छ न विगतमा गर्न नसकेका कामलाई पूरा गर्न सक्छ । तर, मानिसहरू प्रायः वर्तमान जीवनलाई कसरी सकारात्मक र सुन्दर बनाउने नभई या त विगतका घटनामा अल्झिएका हुन्छन् वा भविष्यको अनिश्चितताबारे चिन्तित हुन्छन् ।

आधुनिक समाजमा तनावपूर्ण जीवन व्यतीत गरिरहेका मानिसलाई सजगताका माध्यमबाट तनाव, चिन्ता र मानसिक दबाबबाट मुक्त हुने सजगताको अभ्यास उत्तम रहेको कुरा बौद्ध दर्शनमा उल्लेख छ । सजगताको अभ्यासले मानिसलाई वर्तमान क्षणमा केन्द्रित गराउँछ, जसले अनावश्यक चिन्ता र तनाव कम गर्न मद्दत गर्दछ । यस्तो अभ्यासले जीवनलाई कसरी सकारात्मक र सुन्दर बनाउने भन्ने मार्गनिर्देश गर्दछ ।

सजगता कुनै नयाँ फेसन वा केवल उपचार विधि होइन । यो हजारौं वर्षदेखि विकसित भएको चेतनाको अनुशासन हो । यसले मानिसलाई प्रतिक्रियात्मक जीवनबाट उत्तरदायी र सचेत जीवनतर्फ डोऱ्याउँछ । आधुनिक विज्ञानले यसको उपयोगितालाई प्रमाणित गरेको छ, तर यसको पूर्ण अर्थ तबमात्र प्रकट हुन्छ जब यसलाई नैतिकता, विवेक र आत्मबोधसँग जोडेर बुझिन्छ । यसैले सजगता भनेको पूर्वीय दर्शन र आधुनिक विज्ञानबीचको एक सशक्त सेतु हो, यसले मानिसलाई बाहृय प्रगति र आन्तरिक परिपक्वताको सन्तुलन कायम राख्ने मार्गमा डोऱ्याउँछ ।

### सजगता वा सम्यक् स्मृति

बौद्ध दर्शनका अनुसार सजगता भनेको वर्तमान क्षणमा विनाकुनै निर्णय आफ्नो विचार, भावना, शारीरिक संवेदना र वरपरको वातावरणप्रति पूर्ण सचेतता राख्नु हो । यो केवल ध्यानको एक प्रकारमात्र नभएर बरु जीवन जिउने एउटा उत्तम तरिका हो । बुद्ध दर्शनमा सजगता आर्य अष्टांगिक मार्गको एक आधारस्तम्भ हो, जसलाई सम्यक् स्मृति भनिन्छ । सतिपट्ठान सुत्तमा सजगताका चार आधार तय गरिएको छ । यसलाई विपश्यनाका आधार पनि मान्न सकिन्छ । यिनको सजगतापूर्वक अवलोकन नै दुःख निवृत्तिको प्रत्यक्ष मार्गका रूपमा वर्णन

अनियन्त्रित भावनात्मक प्रतिक्रिया ठान्छ । यसर्थ, आधुनिक विज्ञान मनसजगताको प्रभाव पुष्टि गर्ने साधन हो भने परम्परागत दर्शन यसको अन्तिम उद्देश्य स्पष्ट गर्ने आधार हो ।

**आधुनिक विज्ञानले माइण्डफुलनेसलाई मुख्यतः** स्नायुविज्ञान र मनोविज्ञानको दृष्टिकोणबाट अध्ययन गरेको छ । जोन कबाट जिनजस्ता विद्धानले विकास गरेको सचेतनतामा आधारित तनाव न्यूनीकरण वा मनोयोगमा आधारित तनाव व्यवस्थापन कार्यक्रमपछि यस क्षेत्रमा वैज्ञानिक अनुसन्धान तीव्र भएको देखिन्छ ।

### परम्परागत सजगता र आधुनिक मनोविज्ञान

बौद्ध दर्शनमा सजगताको दृष्टिकोण र आधुनिक मनोवैज्ञानिक तनाव व्यवस्थापनको समाधान खोज्दा केही गम्भीर समस्या र चुनौतीहरू पनि देखापरेका छन् । आधुनिक मनोविज्ञानले सजगतालाई यसको मूल नैतिक र दार्शनिक आधारबाट अलग गरेर केवल एउटा प्रविधिको रूपमामात्र प्रयोग गरिरहेको छ । बौद्ध दर्शनमा सजगता अर्थात् सम्यक् स्मृतिलाई अष्टांगिक मार्गको एक हिस्साको रूपमा प्रस्तुत गर्दछ । बौद्ध दर्शनको दृष्टिकोणमा यसलाई शील (नैतिकता) र प्रज्ञा (ज्ञान) सँग जोडिएको हुन्छ ।

आधुनिक समाजमा सजगतालाई विज्ञानका रूपमा प्रयोगमा ल्याउन खोज्दा अनेक चुनौती देखापरेका छन् । सजगतालाई बौद्ध दर्शनबाट अलग गर्ने प्रक्रिया विज्ञान र धर्मबीचको संवादबाट उत्पन्न भएको हो । ती चुनौतीलाई सहजरूपले अन्त्य गर्न आधुनिक विज्ञान र बौद्ध दर्शनलाई जोडेर लैजान सके सकारात्मक परिणाम निकाल्न सकिन्छ ।

आधुनिक मनोविज्ञानले तत्काल राहत दिन्छ तर गहिराई पुग्दैन र बौद्ध दर्शनले पूर्ण समाधान दिन्छ तर यो बुझ्न र अभ्यास गर्न कठिन छ । बौद्ध दर्शनका दृष्टिकोणमा आधुनिक समाजमा कतिपयले विशुद्ध धार्मिक मानेर पन्छाउँदा वैज्ञानिक दृष्टिकोणबाट फाइदा लिन सकिँदैन । आधुनिक मनोवैज्ञानिक दृष्टिकोणमा समस्यालाई सतही रूपले समाधानको विधि अवलम्बन गर्ने प्रयास हुने गर्दछन् ।

सजगता प्रक्रियालाई आधुनिक समाजमा व्यापारीकरण अर्थात् एउटा 'प्रोडक्ट' वा 'लाइफ-हयाक' को रूपमा व्यापारीकण गर्ने गरिएको छ । अर्थात् बजारमा बिक्रीका लागि राखिएको वस्तुजस्तै बनाइएको छ, जसकारण यसको

संरचनामा आउने परिवर्तन 'न्युरोप्लास्टिसिटी' बीचको सम्बन्धलाई जोड दिन्छ । नियमित सजगता अभ्यासले 'मस्तिष्कको पूर्वनिर्धारित अवस्थाको सञ्जाल' वा 'निस्क्रिय अवस्थाको मानसिक नेटवर्क' को सक्रियता घटाउँछ, जसले गर्दा अनावश्यक सोच्ने र चिन्ता गर्ने प्रवृत्ति कम हुन्छ । बुद्धले सिकाएको 'सम्यक् स्मृति' लाई आजका मनोवैज्ञानिकहरूले 'सचेतनामा आधारित तनाव न्यूनीकरण' अर्थात् 'मनोयोगमा आधारित तनाव व्यवस्थापन' र 'सचेतनतामा आधारित संज्ञानात्मक उपचार पद्धति' जस्ता विधि मानसिक स्वास्थ्यका लागि प्रभावकारी मानिएका छन् ।

बौद्ध दर्शन र आधुनिक मनोविज्ञान दुवैको लक्ष्य दुःख कम अर्थात् मनमा स्थिरता कायम राख्नु र कल्याण बढाउनु हो । यद्यपि, बौद्ध दर्शन र आधुनिक मनोविज्ञानबीच केही आधारभूत भिन्नताहरू पनि रहेका छन् । बौद्ध दर्शनमा सजगता 'निर्वाण' वा पूर्ण मुक्ति प्राप्त गर्ने एउटा बृहत् नैतिक मार्गको हिस्सा मानिन्छ तर आधुनिक मनोविज्ञानमा यसको प्रयोग मुख्यतया तनाव कम गर्ने, एकाग्रता बढाउने र भावनात्मक नियन्त्रणका लागि गरिन्छ भन्ने मान्यता राख्दछ ।

सजगताको अभ्यासलाई दैनिक जीवनमा समावेश गरेर मानिसहरूले शान्त, स्वस्थ र सन्तुलित जीवनयापन गर्न सक्छन् । बौद्ध धर्मको यो दृष्टिकोण केवल धार्मिकमात्र नभई वैज्ञानिक र व्यावहारिकरूपमा पनि अत्यन्त उपयोगी बन्दै गएको छ । यसर्थ, आधुनिक विज्ञान सजगताको प्रभाव पुष्टि गर्ने प्रमुख साधन बनेको छ, जबकि परम्परागत दर्शन यसको अन्तिम उद्देश्य स्पष्ट गर्ने आधार हो । सजगता हजारौं वर्षदेखि विकसित भएको चेतनाको अनुशासन हो ।

आधुनिक विज्ञानले यसको उपयोगितालाई प्रमाणित गरेको छ, तर यसको पूर्ण अर्थ तबमात्र प्रकट हुन्छ जब यसलाई नैतिकता, विवेक र आत्मबोधसँग जोडेर बुझिन्छ । सजगता अभ्यासले तनाव कम गर्ने, ध्यान सुधार गर्ने, भावनात्मक नियमन गर्ने र समग्रमा मानसिक स्वास्थ्यलाई बलियो बनाउने क्षमता राख्छ । यसले मानिसको मस्तिष्कलाई लचिलो र अनुकूलनीय बनाउँदै, अझ राम्रो जीवन जिउनका लागि सशक्त बनाउँछ । त्यसैले, केही मिनेटमात्र भए पनि हरेक दिन 'माइण्डफुलनेस' अभ्यास गरेर हामी आफ्नो मस्तिष्कलाई अझ स्वस्थ र आफ्नो जीवनलाई अझ शान्त बनाउन सक्छौं । *रासस*




**जलमग्न घोराही बजार** | दाङको घोराही उपमहानगरपालिका-१५ स्थित मुख्य बजारमा आइतबार दिउँसो परेको वर्षापछि जलमग्न सडक । *तस्बिरः रासस*

# घर्तीभिरको चट्टान फुटाएर सडक निर्माण



**खोटाङ-** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-४ खाल्ले र हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीको सीमानजिक पर्ने चर्चित घर्तीभिरको चट्टना फुटाएर सडक निर्माण गरिएको छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट आहाले-रेग्मीटार हुँदै सगरमाथा राजमार्ग जोड्ने छोटो दूरीको सडकखण्डमा पर्ने घर्तीभिरको विशाल चट्टान फुटाएर सडक निर्माण गरिएको हो ।

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास कार्यालय खोटाङमार्फत एक करोड सात लाख ७८ हजार रूपैयाँ लगानीमा सडक निर्माणको काम सम्पन्न गरिएको छ । मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन भएको दुई करोड रूपैयाँ बजेटमा ठेक्का प्रक्रियाबाट कमला कस्ट्रक्सन एण्ड सप्लायर्स उदयपुरले एक करोड सात लाख रूपैयाँमा सम्झौता गरेर घर्तीभिरको चट्टान फुटाएको भौतिक पूर्वाधार कार्यालय खोटाङका लेखा अधिकृत सीताराम राउतले जानकारी दिए ।

ठेकेदार कम्पनीले करिब पाँच महिना लगाएर स्काभेटरमार्फत ब्रेकर लगाएर चट्टान फुटाएर घर्तीभिरमा सडक पार गराइएको खाल्लेका वडाध्यक्ष खगेन्द्र राईले जानकारी दिए । घर्तीभिरको सडक निर्माणका लागि ठेकेदार कम्पनीले २०८२ माघमा भौतिक पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरेको थियो ।

दिक्तेल-आहाले-रेग्मीटार सडकखण्डको साप्सुखोला किनारमा रहेको घर्तीभिर फुटाएर सडक निर्माण गरेपछि शनिबार कोशी प्रदेश सरकारका निवर्तमान भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले आहाले-रेग्मीटार-सगरमाथा राजमार्ग जोड्ने सडक उद्घाटन गरे । 'महुरे-बुइपा-राजापानी-रेग्मीटार सडकखण्ड लामो छ । घर्तीभिर काटेर त्योभन्दा सीधा र छोटो सडक मार्ग खोलिएको हो,' उनले भने, 'यो सडक यात्रु तथा यातायात व्यवसायी दुवैका लागि उपयोगी छ ।'

विगतमा पनि घर्तीभिरलाई काटेर छोटो दूरीको सडक बनाउने योजना बनाए पनि पहरा काट्न कसैले आँट गरेका थिएनन् । कोशी प्रदेश सरकारअन्तर्गत खोटाङमा भौतिक पूर्वाधार कार्यालय स्थापना भएपछि आवश्यक बजेट विनियोजन गरेर घर्तीभिरको चट्टान फुटाएर सडक निर्माण गरिएको हो । गोरेटो बाटो सञ्चालनमा रहेको भिर काटेर सडक बनाइएपछि दिक्तेलबाट उदयपुरको गाईघाटहुँदै पूर्वी तराईका विभिन्न जिल्ला आवतजावात गर्ने छोटो दूरीको सडक मार्ग खुलेको छ । सुरुमा दिक्तेलबाट महुरे-बुइपा-राजापानी-रेग्मीटार-फोक्सिडटार हुँदै गाईघाट जाने आउने गरिएको थियो । त्यसको विकल्पमा दिक्तेलबाट आहाले-राजापानी हुँदै रेग्मीटार पुगेर गाईघाट आवतजावत गर्ने गरिएको छ ।

दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडक दिक्तेल बजारबाट तराईका विभिन्न जिल्ला आवतजावत गर्ने सबैभन्दा छोटो दूरीको सडक भएकाले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको छ । निर्माणाधीन सडकलाई जोड्नका लागि राजापानीस्थित घर्तीभिर बाधक बन्दै आएको थियो । सगरमाथा लोकमार्गको दिक्तेल-गाईघाट सडकखण्डको कहुरे-फोक्सिडटार सडक लामो भएपछि दिक्तेल-रेग्मीटार सडक निर्माण सुरु गरिएको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईले बताए ।

'दिक्तेल-महुरे-बुइपा-राजापानी-रेग्मीटार सडकभन्दा दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडकखण्ड साढे १७ किलोमिटर छोटो छ । दिक्तेल बजारबाट तराई जोड्ने यो सबैभन्दा छोटो दूरीको सडक भएकाले भौतिक पूर्वाधार मन्त्रालयबाट बजेट विनियोजन गरिएको हो,' उनले भने, 'नगरपालिकाको डेढ करोड रूपैयाँभन्दा बढी बजेटमा दिक्तेलबाट घर्तीभिरसम्म र रेग्मीटारबाट घर्तीभिरसम्म दुवैपट्टिको कच्ची सडक निर्माण गरिसकेका थियौं । बाधकका रूपमा रहेको घर्तीभिरको ठूला चट्टानसमेत फोडेर सडक बनेपछि नियमित यातायात सञ्चालन गर्ने योजनामा छौं ।'

दिक्तेल-खानीडाँडा-रेग्मीटार सडकखण्डमा नियमित यातायात सञ्चालन भएमा पूर्वी तराईका विभिन्न जिल्ला यात्रा गर्न, जिल्लामा खाद्यान्न, हार्डवेयर, इन्धनलगायत दैनिक उपभोग्यवस्तु ढुवानीमा सहज हुने अपेक्षा गरिएको छ । घर्तीभिरमा रहेको चट्टान फुटाउन तथा यसअघि निर्माण गरिएका सडक स्तरोन्नति गर्नेगरी पूर्वाधार विकास कार्यालयले गत वर्ष ठेक्का लगाएको हो । प्रदेश सडक पुल सहयोग एकाइ इटहरी र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट पूर्वाधार विकास कार्यालयमा प्राप्त तीन करोड रूपैयाँ बजेटमा सोही सडकखण्डको दिखुवाखोलामा मोटरेबल पुलसमेत निर्माणको काम भइरहेको छ ।

दिखुवाखोलामा निर्माण सुरु गरिएको ट्रस पुलका लागि आवश्यक करिब दुई करोड रूपैयाँभन्दा बढीको स्टिल ट्रस निर्माणस्थलमा ढुवानी गरिएको छ । कच्ची अवस्थामा सञ्चालन हुँदै आएको दिक्तेल-रेग्मीटार सडकखण्डको दिखुवाखोलामा मोटरेबल पुल नहुँदा वर्षात्को समयमा करिब छ महिना यातायात ठप्प हुँदै आएको छ । कालोपत्रको काम अलपत्र परेको दिक्तेल-महुरे (२० किलोमिटर) तथा महुरे-राजापानी-रेग्मीटार सडक (२९ किलोमिटर) गरी दिक्तेल-रेग्मीटार सडक (५९ किलोमिटर) लामो छ । प्रदेश सरकारको लगानीमा निर्माणाधीन दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडक कालोपत्र हुँदै गरेको दिक्तेल-महुरे-राजापानी-रेग्मीटार सडकभन्दा साढे १७ किलोमिटर छोट्टिएको छ । *रासस*

# रक्तसञ्चार केन्द्रलाई १५ लाखको उपकरण सहयोग



**ढोरपाटन (बागलुङ)-** बागलुङ सेवा समाज अमेरिकाले रक्तसञ्चार केन्द्रलाई १५ लाख रूपैयाँको जेनेरेटर र रक्तदान गर्ने कुर्सी सहयोग गरेको छ । नेपाल रेडक्रस सोसाइटीले सञ्चालन धौलागिरि प्रादेशिक अस्पताल क्षेत्रमा सञ्चालन गरेको रक्तसञ्चार केन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन जेटेरेटर र कुर्सी सहयोग गरेको हो ।

बागलुङमा विद्युत् आवतजावत गर्ने हुँदा रक्तसञ्चारमा रगत बिग्रिने र गुणस्तर खस्किने जोखिम हुँदै आएको थियो । जेनेरेटर सञ्चालन गरेपछि अब उक्त समस्या समाधान हुने नेपाल रेडक्रस सोसाइटी बागलुङका सभापति जगन्नाथ आचार्यले बताए । घण्टौंसम्म लाइन नआउँदा फ्रिजमा राखिएको रगत आवश्यक तापक्रमभन्दा बढी तातिने हुँदा बिरामीलाई दिन नमिल्ने हुने उनको भनाइ छ ।

लाइन जाँदा रातिमा मोबाइलको लाइट बालेर रक्तदान गर्ने र बिरामीलाई सेतो रगत उपलब्ध गराउनुपर्ने बाध्यता अब हट्ने साभापति आचार्य बताउँछन् । अहिलेसम्म सामान्य ब्याट्रीबाट रक्तसञ्चारमा काम हुँदै आएकामा अब व्यवस्थितरूपमा सेतो रगत उत्पादन गर्न र रगतलाई व्यवस्थितरूपमा भण्डारण गर्न सकिने उनको भनाइ छ ।

सभापति आचार्यले भने, 'रक्तसञ्चार केन्द्रमा विद्युत् आपूर्ति नहुँदा धेरै समस्या थियो, केही समय अगाडि सेतो रगत उत्पादन गर्न सुरु गरेका थियौं, तर विद्युत्का कारण समस्या थियो, सहयोगका लागि अमेरिकामा रहनुभएका बागलुङवासीलाई आग्रह गरेका थियौं, उहाँहरूले सहजरूपमा सहयोग गरिदिनुभयो, अब यहाँबाट प्रवाह हुने सेवा थप प्रभावकारी बन्ने छ ।'

बागलुङ सेवा समाज अमेरिकाका महासचिव देवलाल शर्माले विदेशमा रहे पनि आफ्नो देश र जन्मभूमिप्रतिको माया अथाह हुने भन्दै यहाँका समस्या समाधानका लागि आफूहरू लाग्दै आएको बताए । सेवा समाजले अहिले जेनेरेटरसहितका सामग्री सहयोग गरेर सुरुआत गरेको उनको भनाइ छ । आगामी दिनहरूमा स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा काम गर्दै जाने प्रतिबद्धता जनाए ।

धौलागिरि प्रादेशिक अस्पतालअघि रहेको रक्त सञ्चार केन्द्र रक्त सञ्चार केन्द्रमा सेतो रगत (प्लेटलेट्स/प्लाज्मा) नपाइँदा अस्पतालले जटिल प्रकारका समस्या देखिएर सेतो रगत चाहिने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता थियो । तर चार महिनादेखि यही उत्पादन गर्न थालिएको छ । रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रिफ्युज) का लागि प्रयोगशालाको पूर्वाधार निर्माण गर्न बागलुङ समाज जापानले १३ लाख ५० हजार सहयोग गरेपछि सेतो रगत उत्पादन गर्न सुरु भएको थियो । *रासस*

# घरपझोङद्वारा किसानलाई अनुदानमा याक र नाक वितरण



**मुस्ताङ-** यहाँको घरपझोङ गाउँपालिकाले पशुपालक किसानलाई ५० प्रतिशत अनुदानमा याक र नाक वितरण गरेको छ । 'हिमाली याकनाक प्रवर्द्धन' कार्यक्रमअन्तर्गत गाउँपालिकाले पशुपालक किसानलाई अनुदानमा याकनाक वितरण गरेको हो ।

लाभग्राही पशुपालक व्यवसायी र गाउँपालिकाअन्तर्गत संघीय ससर्त अनुदानमा ५०/५० प्रतिशत लागत साझेदारी रहनेगरी याक र नाक पालन गर्ने किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले अनुदानमा वितरण गरिएको गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिए । उनका अनुसार पालिकाको सात लाख ५० हजार रूपैयाँ र पशुपालक किसानको सात लाख ५० रूपैयाँ लागतमा याक खरिद गरी वितरण गरिएको छ ।

शनिबार जोमसोमका किसान पेम्बा गुरुङले अनुदान सहुलियतमा याक र नाक खरिद गरी ल्याएका छन् । गाउँपालिकाले अनुदानमा वितरण गरेको याक र नाक तथा बाछाबाछी मनाङबाट खरिद गरिएको अध्यक्ष लालचनले जानकारी दिए । उनका अनुसार गाउँपालिकाले उपलब्ध गराएको बजेट दायराभन्दा थप आठ लाख रूपैयाँ मूल्यबराबरका याक र नाक किसान पेम्बा गुरुङले खरिद गरी मुस्ताङ ल्याएका हुन् ।

किसानले ५६ वटाभन्दा बढी याक र नाकसहित बाछाबाछी यहाँ पुऱ्याएका हुन् । गाउँपालिकाका अध्यक्ष लालचनले थोरै संख्यामा रहेका याक र नाक धेरै जनालाई अनुदानमा वितरण गर्दा लक्ष्यअनुसार याक प्रवर्द्धन गर्न अप्ठ्यारो पर्ने भएकाले छनोट समितिको मापदण्डभित्र रहेर एक जना किसानलाई अनुदानका याकनाक वितरण गरिएको उल्लेख गरे ।

गाउँपालिकाका पशु शाखा अधिकृत आइत थकालीका अनुसार गाउँपालिकाद्वारा अनुदानमा वितरण गरिएका याक र नाक पाँच वर्षसम्म बिक्री गर्न नपाइने सम्झौता गरिएको बताए । यो व्यवसायमात्र नभई हिमाली क्षेत्रको मौलिक संस्कृति भएकाले जैविक विविधता र पारिस्थितिक प्रणालीमा योगदान पुऱ्याउने उद्देश्यले गाउँपालिकाद्वारा याक र नाक वितरण गरिएको उनको भनाइ छ ।

यसअघि घरपझोङ गाउँपालिकाले उक्त कार्यक्रमअन्तर्गत किसानलाई अनुदानमा याक र नाक वितरण गर्न ३५ दिने सूचना प्रकाशित गरेको थियो । गाउँपालिकाले प्रकाशित गरेको सूचनाअनुसार केही किसानले अनुदानका लागि निवेदन पेस गरेका थिए ।

पशु शाखा अधिकृत थकालीका अनुसार जिल्लाको दररेटअनुसार मूल्य निर्धारण गरी १५ लाख रूपैयाँ मूल्यमा याक र नाक खरिद गरी ५० प्रतिशत अनुदान सहुलियतमा प्रदान गरिएको जानकारी दिए । जिल्लाको डिस्याङ गाउँपालिकास्थित याकखर्कबाट ३८ चौंरी, तीन भाले याक र १५ वटा बाछाबाछी खरिद गरी जोमसोम ल्याइएको किसान गुरुङले जानकारी दिए । गाउँपालिकाको अनुदानमा ३८ र १८ वटा व्यक्तिगत लगानीमा खरिद गरिएको उनले बताए । गाउँपालिकाले आफूलाई विश्वास गरेर याक र नाक पालन गर्न अनुदान सहुलियत प्रदान गरेकामा खुसी व्यक्त गर्दै गुरुङले व्यावसायिकरूपमा याक र नाक पालन गरी प्रवर्द्धनमा योगदान पुऱ्याउने प्रतिबद्धता जनाए ।

शनिबार यहाँ आयोजित एक कार्यक्रममा गाउँपालिकाका अध्यक्ष लालचन, कार्यपालिका सदस्य भिषण थकाली र पशु शाखा अधिकृत थकालीले संयुक्तरूपमा ती याक र नाक लाभग्राही किसानलाई हस्तान्तरण गरे । ती याक र नाकको बिमा पनि गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।

बिमा कम्पनीका प्रतिनिधि गणेश जिसीसहितको टोलीले किसान गुरुङका याक र नाक बिमामा दर्ता गराएका हुन् । उनले पशुधनको मूल्यबराबर पाँच प्रतिशत किसानले बिमा शुल्क तिर्नुपर्ने र बाँकी स्थानीय सरकारले शुल्क व्यहोर्नेगरी बिमा गराइएको जानकारी दिए । पछिल्लो समय हिमाली क्षेत्रको पुर्ख्यौली पेसा याक र नाक पालन व्यवसाय संकटमा पर्दै गएपछि पालिकाले संघीय सरकारको ससर्त अनुदानमा याक र नाक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न थालिएको हो । चालु आर्थिक वर्षमा यहाँको थासाङ गाउँपालिकाले पनि पशुपालक किसानलाई अनुदान सहुलियतमा याक र नाक वितरण गरेको थियो ।

जलवायु परिवर्तनका कारण मुस्ताङका उच्च लेक खर्क र पाटनमा गोठ स्थापना गरी पालन गरिएका याक र नाक चरन क्षेत्रको अभाव र जंगली वन्यजन्तुको जोखिमका कारण संकटमा पर्न थालेका छन् । याक र नाक पालन व्यवसायको संरक्षण गर्न सरकारद्वारा बिमा सुरक्षा नीति ल्याइएको गाउँपालिका अध्यक्ष लालचनले उल्लेख गरे ।

बिमामा आबद्ध याक र नाक पालक किसानको पशुधन क्षति भएमा बिमा कम्पनीबाट ९० प्रतिशत क्षतिपूर्ति उपलब्ध गराइने बिमा प्रतिनिधि गणेश जिसीले जानकारी दिए । *रासस*

# आरोही फुञ्जो बनिन् पर्यटन सद्भावना दूत

**गोरखा (प्रस)-** कीर्तिमानी आरोही फुञ्जोझाङ्मु लामालाई चुमनुब्री गाउँपालिकाले पालिकाको पर्यटन सद्भावना दूत घोषणा गरेको छ ।



सर्वोच्च शिखर सगरमाथा सबैभन्दा छोटो समयमा आरोहण गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्ड कायम गरेकी लामालाई हालै सम्पन्न गाउँसभाले पर्यटन सद्भावना दूत घोषणा गरेको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिए । सो पालिकाले यो वर्षलाई मनास्लु हिमालको सफल आरोहणको ७०औं वर्ष पूरा भएको अवसरमा हिरक वर्षका रूपमा मनाइरहेको छ ।

सोहीअवसरमा गाउँपालिकाको गाउँसभाले फुञ्जोको नाम पर्यटन सद्भावना दूतका रूपमा सर्वसम्मत अनुमोदन गरेको लामाले बताए । 'हाम्रो राष्ट्रको गहनाका रूपमा रहेकी फुञ्जोलाई पर्यटन सद्भावना दूत नियुक्त गरेका छौं,' उनले भने ।

लामाका अनुसार विश्वभर ख्याति कमाएकी फुञ्जोले सद्भावना दूतका रूपमा मनास्लु क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने छिन् । आफ्नो जन्मभूमिले दिएको यो सम्मानप्रति कृतज्ञता प्रकट गर्दै फुञ्जोले भनिन्, 'यो मेरा लागि ठूलो सम्मान हो र यस क्षेत्रलाई विश्वभर प्रवर्द्धन गर्न म कुनै कसर बाँकी राख्ने छैन ।'

विश्वको आठौं अग्लो शिखर मनास्लुका अतिरिक्त चुमनुब्रीको आफ्नै अद्वितीय परम्परा छ । अहिंसा क्षेत्र घोषणा भएको १०५ वर्ष पूरा गरेको चुमनुब्रीले अहिंसा क्षेत्रमा जैविक विविधताको पहिचान, निरन्तरता, प्रचारप्रसार र संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले 'श्याग्या परम्परा संरक्षण ऐन, २०८०' (२०२३) समेत जारी गरेको थियो ।

स्वीस आल्प्स र नेपालको हिमालय क्षेत्रमा तालिमप्राप्त गरेकी फुञ्जोले १४ घण्टाभन्दा कम समयमा विश्वको सर्वोच्च शिखर आरोहण गर्दै सबैभन्दा छिटो आरोहण गर्ने महिलाका रूपमा विश्व कीर्तिमान कायम गरेकी थिइन् । सन् २०२४ मा उनले बेसक्याम्प (आधार शिविर)बाट १४ घण्टा ३१ मिनेटमा सगरमाथाको शिखर चुमेकी थिइन् ।

चुमनुब्री-७ छोकाङपागाउँमा जन्मेकी फुञ्जोले सगरमाथा, ल्होत्से, मनास्लु, चो ओयुका साथै आमादबलाम, लोबुचे र डेनालीलगायतका अन्य हिमालहरूको सफल आरोहण गरिसकेकी छन् । उनले ग्रामीण तथा सीमान्तकृत समुदायहरूलाई जीविकोपार्जन, शिक्षा र दिगो विकासका क्षेत्रमासमेत सहयोग पुऱ्याउँदै आएकी छन् ।

# प्रभाव दैनिक

सोमबार, १५ असार २०८३ (Monday, 29 June 2026)





## काठमाडौं बाल अस्पताललाई आर्थिक सहयोग

साहित्यकार रामप्रसाद कोइरालाले काठमाडौं बाल अस्पताललाई एक करोड ५० लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् । उनको 'मेरी, उनी र म' उपन्यासको दोस्रो संस्करण सार्वजनिक गर्न शुक्रबार आयोजित समारोहमा कोइरालाले अस्पतालको इएनटी सेवा स्थापनाका लागि उक्त रकम सहयोग गरेका हुन् । मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीको उपस्थितिमा आयोजित कार्यक्रममा साहित्कार कोइरालाले बाल अस्पतालका परिकल्पनाकार प्राडा भगवान कोइरालालाई उक्त रकम हस्तान्तरण गरे ।



# डंगोलको उपन्यास 'बदलिएको आकाश' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखक तथा पत्रकार हिक्मत डंगोलको उपन्यास 'बदलिएको आकाश' सार्वजनिक भएको छ । शनिबार आयोजित कार्यक्रममा डंगोलको उपन्यास सार्वजनिकीकरणसँगै कृतिमाथिको विमर्श गरिएको थियो । सोही कार्यक्रममा तीन जना सर्जकलाई अभिनन्दन गरियो ।

अमेरिकामा लामो समय बसोबास गरेका डंगोलले अमेरिकाको सामाजिक परिवेश, आप्रवासी नेपालीहरूको जीवन, सम्बन्ध र बदलिँदो समयका यथार्थलाई समेटेर उपन्यास तयार पारेका हुन् ।

साहित्यकार अञ्जु मैनालीले उपन्यासको समीक्षा गर्दै विषयवस्तु, शैली, पात्र निर्माण र जीवनदृष्टिमाथि प्रकाश पारिन् । पत्रकार कपिल काफ्लेले उपन्यासमा लेखकले उठाएका सामाजिक, मनोवैज्ञानिक तथा प्रवासी जीवनका विविध आयाममाथि आफ्नो धारणा व्यक्त गरे । साहित्यकार ओमशंकर श्रेष्ठले 'बदलिएको आकाश' विश्वदृष्टिकोण, समय-परिवेश र समकालीन सामाजिक यथार्थको गहन अध्ययनपछि सिर्जना गरिएको कृति भएको उल्लेख गरे । यसले नेपाली डायस्पोराको अनुभवलाई फरक दृष्टिबाट प्रस्तुत गरेको उनको भनाइ थियो ।

विमर्शपछि आयोजित अन्तरक्रियामा सहभागीहरूले उपन्यासका विविध पक्षबारे जिज्ञासा राखेका थिए । कवयित्री लक्ष्मी रूम्बाले उपन्यास पढ्दै जाँदा यसको अन्त्य वियोगान्त हुने अपेक्षा गरे पनि सुखान्त भएकोप्रति प्रश्न उठाइन् । केही प्रसंगमा महिलालाई अलि होच्याइएको अनुभूति भएको धारणासमेत उनले व्यक्त गरिन् । अर्का सहभागीले उपन्यासको कथा लेखककै निजी अनुभवमा आधारित हो वा होइन भन्ने जिज्ञासा राखे ।

प्रश्नहरूको जवाफ दिँदै लेखक डंगोलले भने उपन्यासका पात्रहरू आफ्नो जीवनसँग मेल खाने बताए । 'त्यो मेरो अनुभव हो, नमिल्ने पक्ष अरू पात्रहरूको जीवन हो । वास्तवमा यो उपन्यास दुःखान्त हुनुपर्ने थियो, तर मैले सुखान्त अन्त्य रोजेँ । कतै पाठकलाई अत्यधिक पीडा नहोस् भन्ने सोच पनि थियो,' उनले भने ।

# देशभर प्रदर्शन हुँदै 'भागदौड'




**काठमाडौं (प्रस)–** यही असार २६ गतेदेखि चलचित्र 'भागदौड' देशभर प्रदर्शन हुँदै छ । चलचित्रमा बुङ्मतीको प्राचीन सभ्यता, नेवारी कला-संस्कृति तथा त्यहाँ बसोबास गर्ने नेवार, बाहुन, क्षेत्रीलगायत विभिन्न समुदायबीचको सहअस्तित्वलाई उजागर जनाइएको छ ।

चलचित्रका अभिनेता विशाल पोखरेलका अनुसार परम्परागत प्रथा र आधुनिक जीवनशैलीबीचको सन्तुलनलाई चलचित्रमा प्रस्तुत गरिएको छ । उनले भने, 'चलचित्रमा मैले अभिनेताका रूपमा प्रहरीको पात्रलाई जीवन्त बनाउने कोसिस गरेको छु । पहिलोपटक म प्रहरीको रूपमा प्रस्तुत भए पनि मेरो सानैदेखिकै सपना भने प्रहरी बन्नु थियो, यसपटक त्यसलाई चलचित्रमा पूरा गरेँ ।'

उनले चलचित्रमा आबद्ध हुनुको मुख्य कारण प्रहरीको चरित्र रहेको बताए । हिमाल उप्रेतीको लेखन तथा निर्देशनमा तयार भएको उक्त चलचित्रमा अभिनेता पोखरेलसँगै अनिशा श्रेष्ठ, घनश्याम जोशी, शारदा राई (सारा), शेखर चापागाईं, देशभक्त खनाल, लक्ष्मी गिरी, शंकर महर्जन र सुवास तिमिल्सिनालगायत कलाकारहरूको अभिनय रहेको छ ।

चलचित्रले मनोरञ्जनसँगै सामाजिक सन्देश प्रवाह गर्ने उक्त चलचित्रका प्रस्तुतकर्ता विश्वराम विष्टले जानकारी दिए । उनले चलचित्र निर्माणमा कुनै सम्झौता नगरिएको जानकारी दिँदै दर्शकको दृष्टिकोणबाट चलचित्र तयार गरिएको बताए । अंगिरा थापा कार्यकारी निर्माता रहेको उक्त चलचित्रमा भूपेन्द्रकुमार खड्का, सागर पुरी र सुरेश गिरी सहनिर्माताका रूपमा छन् ।

## रंगशाला




# अन्तिम ३२ को समीकरण पूरा भएसँगै नकआउट चरण सुरु






■ प्रभाव संवाददाता

**काठमाडौं–** फिफा विश्वकप-२०२६ अन्तर्गत आइतबार समूह चरणका खेल सकिएसँगै आजदेखि नकआउट चरण सुरु भएको छ ।

समूह चरणको अन्तिम दिन आइतबार डिफेण्डिङ च्याम्पियन अर्जेन्टिना, इंग्ल्याण्ड, क्रोएसिया र डिआर कंगो विजयी भए । अर्जेन्टिनाले जोर्डनलाई ३-० ले पराजित गर्दा इंग्ल्याण्डले पनामाविरुद्ध २-० को जित निकाल्यो । यसैगरी क्रोएसियाले घानालाई २-१ तथा डिआर कंगोले उज्वेकिस्तानलाई ३-१ गोल अन्तरले पराजित गरे । आइतबार नै भएको खेलमा पोर्चुगल र कोलमबिया तथा अल्जेरिया र अस्ट्रियाले बराबरी खेले । यससँगै नकआउट चरण खेल्ने अन्तिम ३२ टोली निश्चित भएको थियो ।

नकआउट चरणको पहिलो खेलमा दक्षिण अफ्रिकाले आयोजकमध्येका एक क्यानाडासँग सोमबार बिहान खेल्दै छ । राउण्ड अफ ३२ मा विजयी हुने टोली अन्तिम १६ मा प्रवेश गर्ने छन् भने पराजित हुने टोली बाहिरिने छन् ।

### अन्तिम ३२ मा भिड्दै छन् यी टोली

अन्तिम ३२ मा दक्षिण अफ्रिकाविरुद्ध क्यानडा, ब्राजिलविरुद्ध जापान, जर्मनीविरुद्ध पाराग्वे, नेदरल्याण्ड्सविरुद्ध मोरक्को, आइभरी कोस्टविरुद्ध नर्वे, फ्रान्सविरुद्ध स्वीडेन, मेक्सिकोविरुद्ध इक्वेडर खेल्ने निश्चित भएको छ ।

यसैगरी इंग्ल्याण्डविरुद्ध डिआर कंगो, बेल्जियमविरुद्ध सेनेगेल, अमेरिकाविरुद्ध बोस्निया, स्पेनविरुद्ध अस्ट्रिया, पोर्चुगलविरुद्ध क्रोएसिया, स्वीट्जरल्याण्डविरुद्ध अल्जेरिया, अस्ट्रेलियाविरुद्ध इजिप्ट, अर्जेन्टिनाविरुद्ध केप भर्डे र कोलम्बियाविरुद्ध घाना पनि राउण्ड अफ ३२ मा भिड्ने भएको छ ।

यस विश्वकपमा चार नयाँ टोलीले डेब्यु गरेका थिए । तर, केप भर्डेबाहेक अन्य तीन टोली कुरासाओ, उज्वेकिस्तान र जोर्डन समूहको अन्तिममा रहँदै बाहिरिएका छन् । पहिलो खेलमा स्पेनलाई गोलरहित बराबरीमा रोकेको केप भर्डे पहिलो सहभागितामै नकआउट चरणमा प्रवेश गरेर इतिहास बनाएको छ । एसियाका जापान र अस्ट्रेलियाबाहेक सबै टोली समूह चरणबाटै बाहिरिएका छन् ।


## साउदीमा रोजगार
कम्पनी : MASSADR HUMAN RESOURCES SERVICES COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 338484 | चलानी नं.६०२५१९५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 27 | 0 | 1000 | ४०,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## कतारमा रोजगार
कम्पनी : RAWNAQ AL ASEEL FOR CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/०९ | LT. No. 344057 | चलानी नं. ६०२५७४०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 2 | 4 | 1000 | ४१,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | १०३,०२५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३२८/०७४/७५
**EXCELLENT MANPOWER SERVICES PVT.LTD.**
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

## कुवेतमा रोजगार
कम्पनी : CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 336597 | चलानी नं. ६०२५०१०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 50 | 0 | 100 | ४८,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter/waitress | 0 | 15 | 120 | ५८,१९५ | | | | | | | |
| 3. | Kitchen Worker | 120 | 200 | 85 | ४१,२२० | | | | | | | |
| 4. | Heavy Driver / Driver | 50 | 0 | 150 | ७२,७४५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।
फेवा इन्टरनेशनल ट्रेनिङ सेन्टर प्रा.लि., जनकपुरधाम वार्ड नं.७ मा मिति : २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ । सम्पर्कको लागि : 9748371482

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
**FEWA OVERSEAS PVT. LTD**
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## युएइमा रोजगार
कम्पनी : RIGHTFORCE MANPOWER SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 337520 | चलानी नं. ६०२५१६५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 62 | 0 | 1000 | ४०,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Keeping | 80 | 0 | 1000 | ४०,८९५ | | | | | | | |
| 3. | Kitchen Helper | 20 | 0 | 1000 | ४०,८९५ | | | | | | | |
| 4. | Restaurant Worker | 20 | 0 | 1000 | ४०,८९५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mobile: (Sanjiv Sah)9801067993 Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## युएइमा रोजगार
कम्पनी : GHORI TRADING LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No. 344110 | चलानी नं. ६०२५७४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Sales Promoters | 0 | 7 | 1500 | ६१,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Tel: 01-411082, 9808865846, 9843757032, Email: career.ganapati@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## साउदीमा रोजगार
कम्पनी : ABDULMONEM BIN AHMED AL ABBAS FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | LT. No.344105 | चलानी नं. ६०२५७४०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ४०,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gulf Link Overseas Pvt. Ltd.**
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com, Website: www.gulflinkoverseas.com
श्रम ईजाजत नं. ५८३/०६२/०६३

## युएइमा रोजगार
कम्पनी : ALWAQAR YOUNAS FOR CLEANING SERVICES CO

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 329680 | चलानी नं. ६०२४३४८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 5 | 1000 | ४०,८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | External Building Cleaner | 1 | 0 | 1000 | ४०,८९५९५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## बहराइन/युएइमा रोजगार
कम्पनी : BAHRAIN AL ARABI INTERNATIONAL DECORATION CO. W.L.L | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०३/११ | LT. No. 344007 | चलानी नं. ६०२५७४१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Skilled Gypsum Carver | 15 | 0 | 120 | ४७,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAHRAIN AL ARABI INTERNATIONAL DECORATION CO. W.L.L | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 336631 | चलानी नं. ६०२५०२१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 120 | ४७,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SUMI STAR INTERIORS AND EXHIBITIONS L.L.C | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०९/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 316261 | चलानी नं. ६०२३१२३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Decorator | 1 | 0 | 1200 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SUMI STAR INTERIORS AND EXHIBITIONS L.L.C | शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१४ | LT. No. 312630 | चलानी नं. ६०२२७२८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1200 | ४९,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter Assistant/wood | 6 | 0 | 1200 | ४९,०७५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २२ गते (6th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL WORLD Overseas Pvt. Ltd. LIC No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



टेनेसीको न्याशभिलमा रहेको निसान स्टेडियममा 'एलन ज्याक्सन लास्ट कलः वान मोर फर द रोड– द फिनाले'का लागि शनिबार स्टेजमा प्रस्तुति दिँदै अमेरिकी गायक एलन ज्याक्सन । *तस्बिरः एएपफपी*

# इरानको अस्तित्वमा खतरा निम्त्याउने ट्रम्पको चेतावनी

## इरानी विदेशमन्त्रीले भने– स्ट्रेट अफ हर्मुजमाथि इरानको नियन्त्रणलाई कुनै चुनौती दिए सशक्त प्रतिकार गरिन्छ



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्ला केही घण्टामा बढेको इरानको आक्रामकताले उसलाई राम्रो नगर्ने बताएका छन् । उनले शनिबार 'यदि संयुक्त राज्य अमेरिकालाई युद्ध पुनः सुरु गर्न 'बाध्य' पारियो भने इरान 'अब अस्तित्वमा रहने छैन' ।

यो चेतावनी अमेरिकी सेनाले स्ट्रेट अफ हर्मुजमा इन्धन ढुवानीका लागि गएको पानामाको जहाजमाथि भएको आक्रमणको जवाफमा शनिबार इरानका 'केही भाग' माथि आक्रमण गरेको भन्ने जानकारीपछि आएको हो ।

'इरानले फेरि पनि शान्ति सम्झौताको उल्लंघन गरेको छ । बदलामा संयुक्त राज्य अमेरिकाको विमानले इरानी मिसाइल र ड्रोन तथा तटीय राडार भण्डारण स्थलहरूमाथि आक्रमण गरेको छ,' राष्ट्रपति ट्रम्पले भनेका छन्, 'हामीले जति नै तर्कसंगत हुन खोजे पनि, एउटा बिन्दु आउन सक्छ, त्यतिबेला हामीले सैन्यरूपमा अत्यन्त सफलतापूर्वक सुरु गरेको काम पूरा गर्न बाध्य हुनेछौं । यदि त्यसो भयो भने 'इस्लामिक रिपब्लिक अफ इरान' अब अस्तित्वमा रहने छैन !'

### इरानी विदेशमन्त्रीको चेतावनी

मध्यपूर्व युद्ध समाप्त गर्न शान्ति वार्ता चलिरहेको अवस्थामा पनि रणनीतिक महत्त्वको स्ट्रेट अफ हर्मुजमाथि इरानको नियन्त्रणलाई कुनै चुनौती दिएमा इरानले यसको सशक्त प्रतिकार गर्ने बताएको छ । रणनीतिक महत्त्वको स्ट्रेट अफ हर्मुजमाथि इरानको नियन्त्रणलाई कुनै चुनौती दिएमा तनाव बढ्ने इरानका विदेशमन्त्रीले आइतबार चेतावनी दिएका हुन् ।

'इस्लामिक गणतन्त्र इरानले अघि बढाइरहेकोभन्दा फरक वा नयाँ व्यवस्था अपनाउने कुनै पनि प्रयासले हर्मुज जलडमरु पुनः खोल्ने प्रक्रियालाई जटिल बनाउने, ढिलाइ गर्ने र तनाव बढाउनेमात्र काम गर्ने छ, जसलाई हामीले पछिल्ला दुई रातमा देखिसकेका छौं,' इरानी विदेशमन्त्री अब्बास अराघचीले बगदादको भ्रमणका क्रममा गरेको पत्रकार सम्मेलनमा भने ।

तेहरानका शीर्ष कूटनीतिज्ञले हालैका दिनमा दुवै पक्षबीच आक्रमणको आदानप्रदान भएपछि सबै पक्षलाई 'समझदारीपत्रलाई पालना गर्न र यसबाट विचलित नहुन' आह्वान गरेका हुन् । विदेशमन्त्री अराघचीले अमेरिकी आक्रमणको जवाफमा खाडी क्षेत्रमा रहेका अमेरिकी आधारहरूमा इरानी आक्रमणपछि आइतबार खाडी देशहरूसँग सुरक्षा ढाँचा निर्माण गर्न पनि आह्वान गरे ।

'हामीले यस क्षेत्रका सबै देशहरूलाई समेट्ने र क्षेत्र बाहिरका कुनै पनि देशको उपस्थिति वा हस्तक्षेपविना नयाँ सुरक्षा ढाँचा निर्माण गर्नुपर्छ,' अराघचीले भने । *रासस/एएफपी*

# कोरियाली प्रायद्वीपलाई आणविक हतियार मुक्त बनाउने प्रतिबद्धता



**सियोल–** दक्षिण कोरिया र जापानका रक्षामन्त्रीहरूले आइतबार कोरियाली प्रायद्वीपलाई आणविक हतियार मुक्त बनाउने आफ्नो देशको प्रतिबद्धतालाई पुनः दोहोऱ्याएका छन् । उत्तर कोरियाले आफ्नो आणविक हतियार भण्डार विस्तार गर्ने बारम्बारको घोषणाका बाबजुद उनीहरूको यो भनाइ आएको हो ।

दक्षिण कोरियाली रक्षामन्त्री आजल ग्यू ब्याकले सियोलमा जापानी समकक्षी सिनजिरो कोइजुमीबीच यो बैठक उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो देशको रक्षा क्षमता मजबुत बनाउने, नौसेनालाई आणविक हतियारले सुसज्जित गर्ने र मिसाइल परीक्षणलाई तीव्रता दिने प्रतिज्ञा गरेपछि भएको हो ।

दुईदिने भ्रमणमा रहेका कोइजुमीसँगको बैठकमा दुवैले रक्षा सहकार्यलाई थप गहिरो बनाउने उपायहरू खोज्ने सहमति गरेका छन् । सियोल र टोकियो दुवै वासिङ्टनका सुरक्षा सहयोगी हुन्, तर दुई देशका सेनाबीचको सहकार्य २० औं शताब्दीको सुरुमा जापानको उपनिवेशकालीन शासनबाट उत्पन्न ऐतिहासिक तनावका कारण हुन सकेको छैन ।

दुवै पक्षले 'कोरियाली प्रायद्वीपको पूर्ण आणविक निशस्त्रीकरण र स्थायी शान्ति स्थापना गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् र दक्षिण कोरिया-जापान द्विपक्षीय सहकार्यका साथै दक्षिण कोरिया-जापान-अमेरिका त्रिपक्षीय सहकार्यलाई निरन्तरता दिने सहमति गरेका छन्,' दक्षिण कोरियाको रक्षा मन्त्रालयले द्विपक्षीय बैठकपछि जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यो बैठक दुई देशबीच नौ वर्षपछि पहिलोपटक संयुक्त समुद्री खोज तथा उद्धार अभ्यास भएको केही हप्तापछि भएको हो, जसलाई रक्षा सहकार्यलाई नजिक ल्याउने अर्को कदमको रूपमा हेरिएको छ । यद्यपि, दुवै रक्षामन्त्रीहरूले प्रायद्वीपलाई आणविक हतियारमुक्त बनाउने प्रतिबद्धता दोहोऱ्याएका छन्, तर प्योङयाङले हालैमात्र आफ्नो आणविक भण्डार कायम राख्ने र विस्तार गर्ने प्रतिज्ञा गरेको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले यो महिनाको सुरुतिर दक्षिण कोरिया र अमेरिकाको सैन्य आधुनिकीकरण प्रयासले क्षेत्रलाई 'आणविक युद्धको किनारमा' पुऱ्याएको भन्दै आफ्नो देशको रक्षा क्षमता बढाउने घोषणा गरेका थिए । उनले आफ्नो नौसेनालाई आणविक हतियारले सुसज्जित गर्ने र ठूला युद्धपोत निर्माण गर्ने पनि प्रतिज्ञा गरेका छन् ।

सन् २०१९ मा किम जोङ उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच हनोईमा भएको शिखर सम्मेलन आणविक निरस्त्रीकरण र प्रतिबन्ध हटाउने विषयमा असफल भएपछि उत्तर कोरियाले आफूलाई 'अपरिवर्तनीय' आणविक शक्ति भएको घोषणा गर्दै आएको छ ।

कोरियाली युद्ध शान्ति सन्धि होइन, युद्धविराम सम्झौतामा समाप्त भएकोले उत्तर कोरिया र दक्षिण कोरिया अझै पनि प्राविधिकरूपमा युद्धकै अवस्थामा छन् । *रासस/एएफपी*

# भेनेजुएला भूकम्पमा मृतकको संख्या १४ सय नाघ्यो, ५० हजारभन्दा बढी बेपत्ता



**ला गुआइरा, भेनेजुएला–** भेनेजुएलामा गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या एक हजार ४३० जना पुगेको छ । यो संख्या आइतबार यो समाचार तयार पार्दासम्मको हो । भूकम्पमा परी ५० हजारभन्दा बढी बेपत्ता भएकोले मृतकको संख्या थप बढ्ने देखिएको छ । उद्धार र खोजी कार्य अझै जारी रहेको छ ।

भूकम्प गएको तीन दिनपछि शनिबार राति एक ११ वर्षीय बालकलाई सकुशल उद्धार गरिएको थियो । समय बित्दै जाँदा भग्नावशेषमा पुरिएका अन्य व्यक्तिलाई जीवित अवस्थामा भेट्ने सम्भावना क्षीण बन्दै गएको छ ।

भूकम्पका कारण हजारौं मानिस बेपत्ता भएका छन् भने ठूलो संख्यामा घाइते भएका रिपोर्ट प्राप्त भएका छन् । पहिल्यै आर्थिक संकट र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको भेनेजुएलामा भूकम्पको क्षतिका कारण थप संकट आएको छ । जनवरीमा अमेरिकी विशेष बलले तत्कालीन नेता निकोलस मादुरोलाई पक्राउ गरेको थियो ।

लाखौं मानिसहरूलाई सरसफाइ र अन्य आधारभूत आवश्यकताहरूको अभाव भएको डर छ । विशेषज्ञहरूका अनुसार प्राकृतिक विपत्तिपछि पहिलो ७२ घण्टा बाँचेकाहरू फेला पार्ने महत्त्वपूर्ण समय हो । त्यसपछि खोजी शव निकाल्ने कार्यमा परिणत हुन्छ ।

नाम दिन नचाहने एक साल्भाडोरका उद्धारकर्मीले भने, 'यो अवस्थामा उनीहरू (बेपत्ता मानिस) जीवित पाउने सम्भावना कम रहन्छ । भगवान्को कृपाले केही जीवित मानिसहरू फेला परेमा यो ठूलो चमत्कार हो ।'

देशको उत्तरमा रहेको काराबालेडा सहरमा शनिबार साँझ भग्नावशेषबाट ११ वर्षीय बालकलाई उद्धार गरिएको अन्तरिम नेता डेल्सी रोड्रिगेजले बताएकी छन् । 'भेनेजुएलाका लागि हरेक जीवन आशाको स्रोत हो,' उनले उद्धारको भिडियोसहित एक्समा गरेको पोस्टमा लेखेकी छन् ।

स्थानीय अधिकारीहरूको प्रतिक्रियाप्रति सार्वजनिक आक्रोश बढिरहेको बेला, अमेरिका समर्थित रोड्रिगेजले सहायताका लागि अन्य देशहरूलाई धन्यवाद दिएका छन् ।

संयुक्त राज्य अमेरिकाले सिमोन बोलीभर अन्तर्राष्ट्रिय विमानस्थलको एउटा रनवे आंशिकरूपमा सञ्चालनमा रहेको र त्यहाँ सी-१७ अमेरिकी सैन्य विमानहरू अवतरण गर्न सक्ने बताएको छ । यसका साथै एउटा नौसेना जहाज तटमा पुगिसकेको छ ।

बुधबारका दुई भूकम्पमा भत्किएका भवनहरूबाट बाँचेका मानिसहरूको खोजीमा स्थानीय बासिन्दाहरूले मेसिनहरूको अभावमा हातले नै भग्नावशेष हटाउने प्रयास गरिरहेका छन् । 'यो अत्यन्तै अराजक, गर्मी र अव्यवस्थित छ,' मियामीबाट एक्लै ला गुआइरा आएका ४३ वर्षीय अस्ट्रेलियन अग्नि नियन्त्रक क्रेग डेमिलोनले भने, 'आशा छ, अझै पनि धेरै मानिसहरू फेला पार्न सकिने छ ।'

संयुक्त राष्ट्रसंघका सहायता प्रमुख टम फ्लेचरले शुक्रबार एएफपीसँग भने, 'अहिलेसम्मको अनुमानअनुसार ५० हजारभन्दा बढी मानिस बेपत्ता रहेका छन् ।' *रासस/एएफपी*

## २४ देशबाट सहायता र सयौं उद्धारकर्मी प्राप्त

**काराकास, भेनेजुएला–** भेनेजुएलामा केही दिनअघि देशलाई झट्का दिने विनाशकारी दुई ठूला भूकम्पपछि २४ देशले मानवीय सहायता, विशेष उद्धार टोली र हजारौं आपत्कालीन प्रतिक्रियाकर्मी पठाएर सहयोग गरेका छन् ।

शनिबार टेलिग्राममा पोस्ट गरिएको विज्ञप्तिमा भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले भनेकी छन्, 'अन्तर्राष्ट्रिय समुदायले अहिलेसम्म ५२१ टन राहत सामग्री, ८६ वटा विशेष कुकुर खोज टोली र दुई हजार ७४१ भन्दा बढी खोज, उद्धार तथा प्राविधिक सहयोग कर्मी पठाएको छ, जसले भेनेजुएली टोलीसँग मिलेर विपद् व्यवस्थापनमा काम गरिरहेका छन् ।' उनले थपिन्, 'अन्तर्राष्ट्रियकर्मीहरू भेनेजुएली अधिकारीहरूसँग मिलेर दुई भूकम्पबाट प्रभावित क्षेत्रमा निरन्तर खोज, उद्धार र राहत कार्य गरिरहेका छन् ।'

उद्धार टोलीहरूले बाँचेकाहरूको खोजी जारी राखेका छन् तर महत्त्वपूर्ण उद्धार समय सकिँदै गएको छ । भारी उपकरणको अभाव र निरन्तरको पराकम्पनले कार्यमा बाधा पुऱ्याइरहेको छ ।

बुधबार ७.२ र ७.५ म्याग्निच्युडका दुई ठूला भूकम्प गएपछि देशमा पटक-पटक साना ठूला पराकम्पनहरू गएका छन्, जसले उद्धार तथा राहत कार्यलाई जटिल बनाएको छ । आइतबार 'युरोपियन-मेडिटेरेनियन सिस्मोलोजिकल सेन्टर' ले भेनेजुएलाको तटबाट ५.६ म्याग्निच्युडको भूकम्प गएको पत्ता लगाएको थियो, जसले आरागुवा तट नजिकको पानी क्षेत्रलाई प्रभावित गरेको थियो ।

सिएनएनका अनुसार भूकम्पलाई लोगारिदमिक म्याग्निच्युड स्केलमा मापन गरिन्छ, जहाँ प्रत्येक पूर्ण संख्या बढ्दा ऊर्जा रिलिज करिब ३२ गुणा बढी हुन्छ । पहिलो भूकम्पभन्दा करिब ४० सेकेण्डपछि गएको भेनेजुएलाको दोस्रो ७.५ म्याग्निच्युडको भूकम्पले पहिलो ७.२ म्याग्निच्युडको भूकम्पभन्दा निकै बढी कम्पन गराएको थियो । *रासस/एएनआई*

# फ्रान्समा गर्मीजन्य समस्याका कारण थप एक हजार जनाको मृत्यु

**पेरिस–** पश्चिमी युरोपको ठूलो भागमा उष्ण लहरका कारण अपेक्षा गरिएभन्दा थप करिब एक हजार व्यक्तिको मृत्यु भएको छ । 'जुन २४ देखि अघिल्ला महिनाहरूमा रेकर्ड भएका मृत्युको तुलनामा अनुमानित आँकडा करिब एक हजार अतिरिक्त मृत्यु देखिएको छ,' पब्लिक हेल्थ फ्रान्सले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ ।

पब्लिक हेल्थ फ्रान्सले जोखिमको चेतावनी घोषणा गरिएका क्षेत्रहरू सबैभन्दा बढी प्रभावित भएको र यस गर्मीका कारण हुने कूल मृत्युमध्ये ८५ प्रतिशत ६५ वर्ष वा योभन्दा माथिका व्यक्तिहरू रहेको जनाएको छ । स्वास्थ्य निकायका अनुसार विशेष गरी पेरिस र यसका उपनगरहरू समावेश इल-दे-फ्रान्स क्षेत्रमा सबैभन्दा बढी मृत्यु घरमा नै रहेका समय भएको हो ।

'यो तथ्याङ्कले एक्लो जीवन बिताइरहेका वा गम्भीर एकान्तमा रहेका विशेषगरी अत्यधिक सहरी क्षेत्रहरूमा रहेका उनीहरूप्रति एकताको भावनाका साथ सहयोगी उपायहरू आवश्यक रहेको सम्झना गराउँछ,' विज्ञप्तिमा उल्लेख छ ।

स्वास्थ्य क्षेत्रको यी आँकडाहरू प्रारम्भिक रहेको र वास्तविक संख्या अझ बढी हुन सक्ने बताइएको छ । फ्रान्सका धेरै क्षेत्रमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको तातो दिनहरूपछि आइतबार भने फ्रान्सभर औसतमा केही कम गर्मी भएको छ । *रासस/एएफपी*

# यसै वर्ष स्वदेश फर्कने बंगलादेशकी पूर्वप्रधानमन्त्री हसिनाको घोषणा



**नयाँदिल्ली–** बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफू यसै वर्ष स्वदेश फर्कने घोषणा गरेकी छन् । मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दामा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएपछि उनले यस्तो प्रतिक्रिया दिएकी हुन् ।

७८ वर्षीय हसिना विद्यार्थी नेतृत्वको आन्दोलनका कारण सन् २०२४ को अगस्टमा उनको १५ वर्ष लामो शासन अन्त्य भएपछि छिमेकी भारतमा आश्रय लिइरहेकी छन् । त्यसयता उनी सार्वजनिकरूपमा निकै कम देखिएकी छन् । गत जनवरीमा भने उनले नयाँदिल्लीस्थित प्रेस क्लबबाट भिडियोमार्फत सम्बोधन गरेकी थिइन् ।

भारतीय टेलिभिजन एनडीटिभीसँगको अन्तर्वार्तामा हसिनाले आफ्नोविरुद्धको फैसला 'गैरकानुनी, असंवैधानिक र राजनीतिक उद्देश्यले प्रेरित' भएको दाबी गरिन् । उनले आफू मृत्युदण्डको सजायबाट नडराउने पनि बताइन् ।

'मेरोविरुद्ध धेरै षड्यन्त्र गरिए । तर ती सबैलाई पार गर्दै म जनताको मतबाट पाँचपटक प्रधानमन्त्री निर्वाचित भएँ र देशको विकासका लागि काम गरेँ,' उनले भनिन् ।

स्वदेश फर्किनेबारे सोधिएको प्रश्नमा हसिनाले भनिन्, 'सबै बाधा र षड्यन्त्रलाई पार गर्दै म यसै वर्ष आफ्नो देश फर्कने छु ।'

गत नोभेम्बरमा ढाकाको एक अदालतले आन्दोलनका क्रममा हिंसा भड्काएको, हत्या गर्न आदेश दिएको तथा अत्याचार रोक्न असफल भएको ठहर गर्दै हसिनालाई अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो ।

यसैबीच, हसिनाको नेतृत्वमा रहेको पूर्वसत्तारुढ अवामी लिगको गतिविधिलाई पनि बंगलादेशमा गैरकानुनी घोषणा गरिएको छ । उता, गत फेब्रुअरीमा बंगलादेशमा भएको निर्वाचनपछि प्रधानमन्त्री तारिक रहमानको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै भारत-बंगलादेश सम्बन्धमा केही सुधार आएको बताइए पनि हसिनाको सुपुर्दगीको विषयमा दुवै देशबीच मतभेद कायमै छ । बंगलादेशले भारतसँग हसिनाको सुपुर्दगीको माग दोहोऱ्याउँदै आएको छ । *रासस/एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८३८०० | प्रति तोला – ० | प्रति तोला – ४३२५ |



**व्यावसायिक सुन्तलाखेती** | लमजुङको सुन्दरबजार नगरपालिका–८ तरापुकोट बरसारेबाट देखिएको कुसुण्डे गाउँमा कुसपानी कृषक समूहले व्यावसायिक रूपमा लगाएको सुन्तलाखेती। *तस्बिरः रासस*

# आज राष्ट्रिय धान दिवस मनाइँदै

## जलवायुमैत्री प्रविधिबाट धानमा आत्मनिर्भर बन्ने लक्ष्य

■ प्रभाव संवाददाता

**ललितपुर–** 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नारासहित सरकारले यस वर्ष २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव-२०८३ विविध कार्यक्रमका साथ मनाउने भएको छ। जलवायु परिवर्तनका चुनौतीबीच धान उत्पादन वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षालाई सुदृढ बनाउने उद्देश्यका साथ दिवस मनाउन लागिएको कृषि विभागले जनाएको छ।

विभागले वि.सं. २०६१ देखि मनाउन थालिएको राष्ट्रिय धान दिवसको २३औं संस्करण आज असार १५ गते देशभर प्रदेश र स्थानीय तहमा विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्दै धान दिवस मनाउन आग्रह गरेको छ।

विभागका महानिर्देशक तथा २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव मूल समारोह समितिका अध्यक्षसमेत रहेका प्रकाशकुमार सञ्जेलले धान दिवसले खाद्य तथा पोषण सुरक्षामा धानको महत्त्व तथा धान प्रवर्द्धनमा सरकारका प्रयासलाई आमनागरिकसम्म पुर्‍याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै दिवसलाई सफल बनाउन सबै सरोकारवाला तथा सञ्चारमाध्यमलाई सक्रिय सहभागिताका लागि अनुरोधसमेत गरेका छन्।

महानिर्देशक सञ्जेलको आज नेपाल कृषि अनुसन्धान परिषद्‌अन्तर्गत राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटारमा विशेष समारोहका साथ मनाइने कार्यक्रम रहेको छ। साथै समारोहमा धान उत्पादन, अनुसन्धान तथा प्रवर्द्धनमा योगदान पुर्‍याएका कृषक, वैज्ञानिक, उद्यमी र पत्रकारलाई सम्मान तथा पुरस्कृत गरिने छ।

कृषि विभागका अनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धान खेतीमा संलग्न छन् भने कूल खेतीयोग्य जमिनको ५४ प्रतिशत क्षेत्रमा धान खेती हुने गरेको छ। कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनमा धानको करिब १३ प्रतिशत तथा कूल खाद्यान्न उत्पादनमा ५० प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ।

पछिल्ला पाँच वर्षमा धानको उत्पादकत्व प्रतिहेक्टर ३.८० मेट्रिकटनबाट बढेर ४.१९ मेट्रिकटन पुगेको छ। आर्थिक वर्ष २०८१/८२ मा १४ लाख २० हजार ६३६ हेक्टर क्षेत्रफलमा खेती गरी ५९ लाख ५५ हजार ४७६ मेट्रिकटन धान उत्पादन भएको विभागले जनाएको छ। यद्यपि, देशलाई वार्षिक करिब ७० लाख मेट्रिकटन धान आवश्यक पर्ने भएकाले हाल पनि करिब १० लाख मेट्रिकटन धान अपुग रहेको उल्लेख गरेको छ।

जलवायु परिवर्तनका कारण हुने सुक्खा, बाढी तथा डुबानजस्ता प्राकृतिक विपद्‌ले धान उत्पादनमा चुनौती थपिरहेको जनाउँदै सरकारले जलवायु अनुकूल कृषि प्रविधिको अनुसन्धान, विकास र विस्तारलाई प्राथमिकता दिएको जनाएको छ। नेपाल कृषि अनुसन्धान परिषद्‌ले सुक्खा र डुबान दुवै सहन सक्ने धानका उन्नत जात विकास गरी किसानस्तरमा प्रवर्द्धन गरिरहेको पनि विभागले जानकारी दिएको छ।

# शिक्षा र स्वास्थ्य करले तल्लो तहका नागरिकलाई सघाउनेछः अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शिक्षा र स्वास्थ्य क्षेत्रबाट संकलन हुने कर तल्लो तहका नागरिक लाभान्वित हुने बताएका छन्।

प्रतिनिसिभाको आइतबारको बैठकमा 'आर्थिक विधेयक, २०८३' माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले निजी विद्यालयका लागि समता शुल्कका रूपमा तीन प्रतिशत कर संकलन सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चितता र सार्वजनिक शिक्षाको उन्नयनको लक्ष्य लिइएको स्पष्ट गरे।

मन्त्री वाग्ले वार्षिक १० लाख रूपैयाँसम्मको आम्दानीमा कर छुट गरिएको, पुँजीगत खर्च बढाउने सोच लिइएको र खर्च गर्ने क्षमता बढाएर आर्थिक क्षेत्रमा रूपान्तरण गरिने बताए। करको दायरामा सबैलाई ल्याउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दै उनले बजेटमा भएका व्यवस्थालाई पूरा गर्ने दृढता व्यक्त गरे।

मन्त्री वाग्ले विदेशमा अध्ययन गर्न जाने विद्यार्थीका लागि मुद्रा सटहीमा लिइने तीन प्रतिशत शुल्क उचित नै भएको बताउँदै तोकिएका करहरू तिर्नैपर्ने अडान व्यक्त गरे। उनले उद्योगी, व्यवसायीलाई निर्धक्क भएर लगानी र व्यवसाय गर्ने वातावरणका लागि सरकारले आवश्यक सहजीकरण गर्ने बताए।

सो विधेयकमाथि विभिन्न सात सांसदले संशोधन प्रस्ताव प्रस्तुत गरेका थिए। छलफलमा नेकपा एमालेका यशुदाकुमारी बराल, राष्ट्रिय स्वतन्त्र पार्टीका आशिष गजुरेल र अरबिन्द साहले भाग लिएका थिए। उनीहरूले शिक्षा र स्वास्थ्यमा करको बोझ नथप्न तथा पुँजीगत खर्च बढाउन आग्रह गरेका थिए।

सोही बैठकबाट अर्थमन्त्री डा. वाग्लेले राखेको सो विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव बहुमतबाट पारित भएको छ। सांसदहरू हरिप्रसाद भुसाल र सुशील खड्काले सो विधेयकमाथि राखेको संशोधन फिर्ता लिएका थिए। सांसदहरू गंगालक्ष्मी अवाल, डा. पुष्पराज कँडेल, हर्कराज राई, पार्वती विक र नरेन्द्रकुमार केरुङले उक्त विधेयकमाथि राखेको संशोधन बहुमतले अस्वीकृत गरेको थियो।



### सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक स्वीकृत

प्रतिनिसिभाको आइतबारको दोस्रो बैठकमा सार्वजनिक खरिद प्रणालीलाई अझ पारदर्शी र व्यवस्थित गर्न ल्याइएको 'सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३' विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको छ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेकी थिइन्। छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गौतमले जनतालाई शीघ्र परिणाम दिने लक्ष्यका साथ सार्वजनिक निकायबाट आह्वान हुने बोलपत्रलाई पारदर्शी र व्यवस्थित गर्न विधेयक ल्याइएको बताउँदै आयोजना समयमा सम्पन्न नगर्ने प्रवृत्तिलाई यसले निरुत्साहित गर्ने तर्क गरिन्।

उनले पूर्वतयारीका साथ आयोजना सञ्चालन गर्ने, अति न्यून कबुल गर्न छुट दिँदा गुणस्तर खस्कने तथा समयमा आयोजना पूरा नहुने समस्या समाधान गर्न सहयोग हुने बताइन्। मन्त्री गौतमले आयोजनाका लागि निर्माण सामग्री नदिने, असहयोग र समन्वय नगर्ने निकाय र तहलाई कारबाही गर्ने व्यवस्था विधेयकमा गरिएको बताउँदै आयोजनाको जिम्मा लिएको पक्षले लिएको पेश्की रकम अन्यत्र प्रयोग गरेमा फौजदारी मुद्दामा कारबाही गरिने जनाइन्।

छलफलमा हसभागी सांसदहरूले स्वीकृत लागत अनुमानभन्दा ३० प्रतिशत घटाएर बोलपत्र पेस गर्ने आवेदकलाई मूल्यांकनमा समावेश नगर्ने प्रस्तावको सराहना गरेका थिए। उनीहरूले बोलपत्रमा कबुल औसत अंक कायम गर्न र नेपाली निर्माण सामग्रीको प्रयोग, ठेक्का सकारेर बीचमा काम छाड्ने प्रवृत्ति अन्त्य हुनुपर्ने सुझाव दिएका थिए। केही सांसदले संसद् छलेर अध्यादेश जारी गरिएकामा त्यसप्रति विमति जनाएका थिए।

# निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सका सल्लाहकार परिषद् अध्यक्ष एवं पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले निजी क्षेत्रको विस्तार नै मुलुकको आर्थिक विकास, रोजगारी सिर्जना र समृद्धिको प्रमुख आधार भएको बताएका छन्।

सितापाइलामा फेसियल हाउसको १२औं शाखा उद्घाटन कार्यक्रममा बोल्दै श्रेष्ठले निजी क्षेत्रलाई प्रोत्साहन नगरी देशको अर्थतन्त्र सुदृढ हुन नसक्ने धारणा व्यक्त गरे। उनले फेसियल हाउसले २०० भन्दा बढी युवालाई प्रत्यक्ष रोजगारी उपलब्ध गराएर उदाहरणीय कार्य गरेको उल्लेख गर्दै रोजगारी सिर्जना गर्नु नै सबैभन्दा ठूलो सामाजिक योगदान भएको बताए।



'रोजगारी सिर्जना गर्नु नै सबैभन्दा ठूलो सामाजिक योगदान हो। फेसियल हाउसले सयौं युवालाई रोजगारी दिएको छ, यसले देशको अर्थतन्त्रलाई समेत महत्त्वपूर्ण टेवा पुर्‍याएको छ,' उनले भने। श्रेष्ठले सेवा क्षेत्रका यस्ता सफल नेपाली उद्यमहरू विस्तार हुँदै जाँदा आर्थिक गतिविधि बढ्नुका साथै युवाका लागि स्वदेशमै रोजगारीका अवसर सिर्जना हुने विश्वास व्यक्त गरे।

नेपाल चेम्बर अफ कमर्सकी उपाध्यक्ष एवं नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठले फेसियल हाउसले सौन्दर्य सेवामात्र नभई सीप विकास र महिला आर्थिक सशक्तीकरणमासमेत उल्लेखनीय योगदान पुर्‍याइरहेको बताइन्। उनलले उद्यम प्रवर्द्धनमा एकजुट भएर लाग्न आग्रहसमेत गरिन्।

फेसियल हाउसकी संस्थापक सुश्मा महराले १८ वर्षअघि काठमाडौं मल, सुन्धाराबाट यात्रा सुरु गरेको फेसियल हाउसले हाल काठमाडौं, पोखरा, सुर्खेत, नेपालगञ्ज, ललितपुर, चितवन, धनगढी र इटहरीमा सेवा विस्तार गरिसकेको जानकारी दिइन्। 'काठमाडौं र चितवनमा 'फेसियल एकेडेमी' सञ्चालन गर्दै सौन्दर्य क्षेत्रका दक्ष जनशक्ति उत्पादनसमेत गर्दै आएका छौं,' उनले भनिन्।


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोनः ९७७-१-४३७३५७७, ४५८४३९८, मोबाइल नं. ९७६१८७१५४००
Email:Marketing2prabhab@gmail.com



## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल र मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं।
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे वढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।

**सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**